# परिच्छेद एक :

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिस एक सामाजिक प्राणी हो । मानव सभ्यताको सुरुमा मानिसका आवश्यकताहरु सीमित थिए । खान र लगाउनमा मात्र ध्यान केन्द्रित गर्ने मानिसको चेतना र मानसिकता परिवर्तन हुँदै जाँदा उसलाई कुनै नयाँ किसिमको ज्ञान र शिक्षा प्राप्त हुन थाल्यो । यसरी मानिसले समयको वहावसँगै शिक्षाको माध्यमबाट नयाँ ज्ञान र सीपको विकास गर्नुका साथै आफूमा अन्तर्निहित प्रतिभाहरु प्रस्फुटन हुन सक्ने कुराको महसुस गर्न थाल्यो । शिक्षाको अभावमा मानिसले जीवनमा पूर्णता पाउन सक्दैन भन्ने यथार्थतालाई बुझी शिक्षालाई मानव जीवनको एक अभिन्न अङ्गको रूपमा स्विकार्दै शिक्षाको विकास गर्दै गयो । यसरी शिक्षाको विकास पनि समयको परिवर्तनसँगै नयाँ युगमा प्रवेश गरेको छ । शिक्षाको विगतको तुलनामा वर्तमान अवस्था चुनौतीपूर्ण र प्रतिस्पर्धात्मक हुन गएको छ । यस किसिमका जटिलता र चुनौतीहरुको सामना गर्ने एक मात्र साधनका रुपमा वैज्ञानिक, व्यावहारिक, रोजगारीमूलक र जीवनोपयोगी शिक्षालाई लिन सकिन्छ । त्यसैले शिक्षा गुणस्तरीय, प्राविधिक र प्रवर्धनात्मक हुनु पर्दछ । अतः विद्यालयहरुको निरन्तर निरीक्षण तथा अनुगमन गरी गुणस्तरीय शिक्षाका लागि विद्यालयको भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय लगायत सर्वाङ्गीण पक्षको सुधार र विकासमा ध्यान केन्द्रित गर्नु वर्तमानको आवश्यकता भएको छ ।

निरीक्षण भनेको कुनै पनि कामको स्थिति, परिवेश, अवस्था र त्यसको प्रभावकारिताको बारेमा लेखाजोखा वा जाँचबुझ गर्नु हो (श्रेष्ठ र बस्न्यात २०६७) । शिक्षा क्षेत्रमा पनि विद्यालयहरुमा सञ्चालन भएका विभिन्न शैक्षिक कार्यक्रमहरुको नियमित अनुगमन सुपरिवेक्षण र मूल्याङ्कन हुनु पर्दछ । शिक्षा क्षेत्रमा गरिएको लागानीलाई खेरजान नदिन

निरन्तर अनुगमन तथा सुपरिवेक्षणको आवश्यकता पर्दछ । निरीक्षणले शैक्षिक क्षेत्रको सन्दर्भमा भन्नुपर्दा शैक्षिक प्रशासनको सम्पूर्ण क्षेत्रको लेखाजोखा र मूल्याङ्कनलाई समेत समेट्दछ । सङ्क्षिप्त नेपाली शब्द सागर (२०६६:८४८) मा निरीक्षण शब्दलाई हेरचाह, रेखदेख र जाँच परीक्षणका रूपमा उल्लेख गरेको छ । कुनै काम ठिकसँग भए नभएको जाँचबुझ गर्ने कामलाई निरीक्षण भनिएको छ ।

शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित, सङ्गठित र योजनाबद्ध रूपमा सञ्चालन गर्ने उद्देश्यले विद्यालय निरीक्षणको अवधारणा आएको पाइन्छ । परम्परागत निरीक्षण प्रणाली प्रशासनिक पाराको थियो, जहाँ विद्यालय निरीक्षकहरु आफूलाई प्रशासक, नेता र आदेश दिने व्यक्तिको रुपमा मान्दथे र शिक्षकले के पढाउँछ, कसरी पढाउँछ, तोकिएका विधि प्रयोग गरेको छ कि छैन र ऐन नियण्मको पालना भएको छ कि छैन भन्ने कुरामा केन्द्रित रहन्थे । यस किसिमको निरीक्षण प्रणालीले कक्षाकोठाको शिक्षण सिकाइ प्रकियामा सुधार ल्याउनुको सट्टा शिक्षकले नियमको पालना गरे नगरेकामा बढी सरोकार राख्दथ्यो । निरीक्षणका क्षेत्रमा भएको अनुसन्धान र प्रयोगका कारण वर्तमान परिप्रेक्ष्यमा निरीक्षणको प्रशासनिक धारणामा परिवर्तन आई यसलाई एक प्राविधिक सेवाको रुपमा स्विकार गरी निरीक्षण शब्दको ठाउँमा सुपरिवेक्षण शब्द प्रयोग गर्न थालिएको छ (श्रेष्ठ र बस्न्यात २०६७) ।

सुपरिवेक्षण शब्द अंग्रेजी शब्द Supervision को नेपाली रूप हो, जुन अलग दुई शब्द Super + Vision मिलेर बनेको छ । अतः सुपरिवेक्षण वा Supervision भन्नाले दिव्य दृष्टि वा असल हेराइ भन्ने बुझिन्छ । शिक्षा क्षेत्रमा भए गरेका विभिन्न कार्यक्रमहरुलाई राम्रोसँग हेर्नु नै सुपरीवेक्षण हो । शैक्षिक सुपरीवेक्षण भनेको विद्यालयको शैक्षिक गतिविधिका बारेमा अवलोकन गर्नु, लेखाजोखा गर्नु, सहि कुरा पत्ता लगाउनु र आवश्यकता अनुसार उचित राय सल्लाह एवं सुझाव उपलब्ध गराई समस्या समाधान गर्न सहयोग पुऱ्याउनु हो । शैक्षिक सुपरिवेक्षणको मूलभूत उद्देश्य कक्षा कोठाको शिक्षण सिकाइ प्रकियामा सुधार ल्याउनु हो (अधिकारी २०६३) ।

निरीक्षणको परम्परागत अवधारणा अनुसार सुपरीवेक्षण अथवा निरीक्षणमा प्रशासनिक पक्षमा बढि जोड दिईन्थ्यो । विद्यालयको भौतिक पक्ष, शिक्षक, विद्यार्थी नियमितता र उपस्थिति तथा ऐन नियमको पालना गराउने संकुचित दायरामा मात्र परम्परागत निरीक्षण प्रणाली सीमित थियो । समयको क्रमसंगै शैक्षिक सुपरिवेक्षणका नवीनतम सिद्धान्तहरु पनि प्रतिपादन हुँदै गए । विद्याालय सुपरीवेक्षणसँग पाठ्यपुस्तक, शिक्षण सिकाइ प्रक्रिया, मूल्याङ्कन र शिक्षकका पेशागत दक्षता अभिवृद्धिको सोझो सम्बन्ध रहने धारणा अगाडि आयो । विद्यालय सुपरिवेक्षणमा (काफ्ले, श्रेष्ठ र सिन्हा २०५९) का अनुसार खासगरि निम्न तीन क्रियाकलापहरु पर्दछन् ।

क) शिक्षण सिकाइमा सुधारका लागि शिक्षक तथा अन्य सम्बन्धित व्यक्तिहरुलाई नेतृत्व प्रदान गर्नु ।

ख) शिक्षकको व्यावसायिक वृद्धि तथा विकासलाई अभिप्रेरित गर्नु, शैक्षणिक उद्देश्य, शैक्षिक सामग्री तथा शिक्षण विधिको छनौट र परिमार्जन गर्नु ।

ग) समान्यतः सुपरिवेक्षण भन्नाले शिक्षकको पेशागत विकासका लागि समन्वय गर्नु, उत्प्रेरणा गर्नु निर्देशित गर्नु र प्रत्येक विद्यार्थीलाई प्रत्यक्ष रुपमा जेहन्दारीता र उनीहरुको सभ्यताको विकास गराउनु ।

सर्वप्रथम विद्यालय निरीक्षण तथा सुपरिवेक्षण प्रणालीको सुरुवात सन् १६४२ मा अमेरिकाबाट भएको हो । धार्मिक आस्थाका आधारमा सञ्चालित विद्यालयहरुको निरीक्षण र रेखदेख पादरीहरुले गर्दथे । धार्मिक आस्था र स्वार्थबाट प्रेरित त्यसबेलाको निरीक्षण निरंकुश शैलीको थियो । सामान्य व्यक्तिहरु बाट गरिने यस किसिमको निरीक्षणबाट विद्यालय सञ्चालन भए नभएको हेर्ने र विद्यालयको सामान्य रेखदेख मात्र गर्ने गरिन्थ्यो । त्यसपछि सन् १८१२ मा अमेरिकाको न्यूयोर्कमा State superintendent of school स्थापना भयो । यसबाट विद्यालय सुपरिवेक्षण औपचारीक रुपमा अघि बढेको पाइन्छ । सन् १८२७ पहिले शिक्षामा राज्यले खास चासो राखेको पाइँदैन । विद्यालयहरु जनस्तरबाटै

सञ्चालन हुने र विद्यालय सञ्चालन समिति र शिक्षा वोर्ड पनि सर्वसाधारण जनताबाटै गठन गरिन्थे । बिस्तारै विद्यालय सञ्चालनमा शैक्षिक प्रशासन र सुपरिवेक्षणका लागि राज्यकै सहभागिता रहनुपर्ने कुरालाई महसुस गरी सन् १८३७/३८ तिर एउटा पूर्णकालीन प्रशासनको आवश्यकता देखिएकोले अमेरिकामा एक सुपरिटेन्डेन्ट कार्यालय खोलियो । विद्यालय निरीक्षण तथा सुपरिवेक्षणलाई यसको विकासक्रम र सुपरिवेक्षण शैलीका आधारमा निम्न कालखण्डमा विभाजन गरी अध्ययन गरिन्छ (काफ्ले, श्रेष्ठ र सिन्हा २०६४) ।

क) प्रशासनिक निरीक्षण काल (1642 - 1875) विद्यालय सुपरिवेक्षणको प्रारम्भको यस अवधिमा विद्यालयको निरीक्षण चर्चका पादरीहरु तथा सामान्य व्यक्ति Layman बाट गर्ने चलन थियो । उनीहरुको निरीक्षण शैली निरंकुश हुन्थ्यो र पठनपाठनको सट्टा ऐन नियमहरु पालनमा बढी जोड  दिइन्थ्यो ।

ख) दक्षतामूलक काल (1876 - 1936) विद्यालय सुपरिवेक्षणको यस अवधिमा शिक्षण सिकाइका सम्बन्धमा नयाँ विधिहरु प्रतिपादन गरिए । यसै अवधिमा R. Taylor ले बैज्ञानिक व्यबस्थापनको सिद्धान्त प्रतिपादन गरे, जुन ज्यादै चर्चामा रह्यो र विद्यालयहरु यसै सिद्धान्तका आधारमा निरीक्षण गर्न थालियो ।

ग) सामुहिक सहयोगात्मक निरीक्षणकाल (1937 - 1959 ) यस अवधिमा शिक्षाको गुणस्तर वृद्धि गर्नका लागि विद्यालयसँग सरोकार राख्ने सरोकारवालाहरु बीच सामुहिक सहभागिता र सहयोगात्मक भूमिका रहनु पर्ने कुरा महसुस गरियो । प्रजातान्त्रिक निरीक्षण शैलीको उदय हुनुका साथै यस अवधिमा आधुनिक सिद्धान्तहरु पनि प्रतिपादन भए ।

घ) अनुसन्धानमूलक निरीक्षण काल (1960 – हालसम्म) यस अवधिमा विज्ञान, प्रविधि र सूचनाको क्षेत्रमा अधिक विकास भयो । शिक्षण सिकाइमा आईपर्ने समस्याहरुलाई

खोज, अध्ययन र अनुसन्धानद्वारा समाधान गरी निष्कर्षमा पुग्न सकिने कुरामा जोड दिन थालियो ।

विद्यालय सुपरीवेक्षणको विकास क्रममा सन् १९०७ मा अमेरिकाबाट नै संस्थागत सुपरिवेक्षण प्रणालीको विकास भएको पाइन्छ (विद्यालय निरीक्षण स्रोत सामग्री २०६१) । यस पछि सन् १९५० मा Moris L cogan ले आफ्ना सहकर्मी शिक्षाविद्हरुको सहयोगमा उपचारात्मक निरीक्षण विधिको सिद्धान्त अगाडि सारे । उपचारात्मक निरीक्षणले कमजोर शिक्षकहरुलाई नजिकबाट सहयोग गर्ने र उसमा रहेका कमीकमजोरी हटाउन मद्दत गर्दछ । शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकहरुमा कुनै समस्या तथा कमजोरी देखिएमा त्यसको सहज समाधानका लागि शिक्षकलाई तत्काल उपचारको रूपमा सहयोग उपलब्ध गराइन्छ । सुपरिवेक्षणको विकास क्रममा नेपालमा पनि विकसित राष्ट्रहरुको प्रभाव परेको पाइन्छ । हाम्रो देशमा प्राचीन कालमा वैदिक धर्ममा आधारित संस्कृत शिक्षा तथा बौद्ध धर्मबाट प्रभावित शिक्षा प्रचलनमा रहेका थिए । गुरूकुल शिक्षा पद्धति सञ्चालनमा रहेको वैदिक कालमा गुरूहरुबाट नै शिष्य र विद्यार्थीहरुको निरीक्षण र निगरानी गरिन्थ्यो भने बौद्ध शिक्षा प्रणालीमा बौद्ध विहारमा रहेका शिष्यहरुको रेखदेख र निरीक्षण वौद्ध भिक्षुहरुबाट हुने गरेको पाइन्छ । लिच्छवी कालमा शैक्षिक निकाय हेर्ने विभागलाई अग्रहार भनिन्थ्यो । गुठी, विहार, मठ, मन्दिर, पाटी, पौवा तथा गुरूहरुको आश्रममा शिक्षा दिने र लिने प्रचलन रहेको थियो र उनीहरुबाट नै निरीक्षण गराउने गरिन्थ्यो । आधुनिक नेपालको एकीकरण पूर्व बाइसे चौविसे राज्यहरुमा र पृथ्वीनारायण शाहले नेपालको एकीकरण अभियान सुरु गरेदेखि राणा शासनको सुरुवातसम्म पनि नेपालमा शिक्षा प्रणाली र निरीक्षण व्यवस्थामा खासै सुधार भएन ।

वि.सं. १९१० मा जंगबहादुर राणाले आफ्ना भाइ, भतिजा र छोरा नातिहरुलाई अंग्रेजी शिक्षा दिनका लागि आफ्नो दरवारको एउटा कोठामा स्कूल सञ्चालन गरेपछि मात्र नेपालमा औपचारिक विद्यालय शिक्षाको सुरुवात भएको मानिन्छ । दरवारको एउटा कोठामा सञ्चालन गरिएको हुनाले यसलाई दरवार स्कूल भनिन्थ्यो । सुरुमा जंगबहादुर

राणाले आफ्नो बेलायत यात्राबाट फर्कदा आफूसँगै ल्याएका दुई जना बेलायती नागरिकहरु मध्ये Mr. Canning लाई प्र.अ.को रुपमा र Mr. Ross लाई विद्यालय निरीक्षकको जिम्मा लगाए पछि नेपालमा औपचारिक रुपमा विद्यालय स्थापना र शैक्षिक प्रशासन तथा शैक्षिक सुपरिवेक्षणको सुरुवात भएको पाइन्छ (आचार्य २०६१) ।

प्रधानमन्त्री जंगबहादुर राणाले वि.सं. १९१५ मा बवरजंग राणालाई प्रथम डाईरेक्टरमा नियुक्ति गरे । Mr. Ross ले विद्यालयको निरीक्षण गरि उनी समक्ष निरीक्षण प्रतिवेदन पेश गर्दथे । सुपरिवेक्षक Mr. Ross ले त विद्यालयको सामान्य निरीक्षण मात्र गर्दथे किनकि विद्यालयको सम्पूर्ण गतिविधिको रेखदेख प्रधानमन्त्री स्वयंले गर्ने गर्दथे । विद्यालयको शैक्षिक र प्रशासनिक सुपरिवेक्षणका लागि राणा कालमा १० जना Director General of public instruction हरुको नियुक्ति भएता पनि शिक्षाको विकास र विस्तारमा खासै प्रभावकारिता देखिएन । वि.सं. १९८९ मा प्रधानमन्त्री भीमशम्शेर राणाले अंग्रेजी शिक्षा र संस्कृत शिक्षाको अलग अलग निरीक्षकको व्यवस्था गरी विद्यालय निरीक्षण गर्न थालियो । प्रधानमन्त्री जुद्धशम्शेरको शासनकालमा वि.सं. १९९६ साल माघ ८ गते शिक्षा इस्तिहार जारी गरिएपछि मात्र नेपालको विद्यालय निरीक्षणको इतिहासमा सुपरिवेक्षणले औपचारिकता पाएको देखिन्छ । यो शिक्षा इस्तिहारले विद्यालयहरुमा विद्यालय सञ्चालन समिति गठन गरी निरीक्षणमा मुख्य भूमिका यसै समितिले निर्वाह गर्ने व्यवस्था मिलायो । इस्तिहारले विद्यालय सञ्चालन समिति, पाठ्यक्रम व्यवस्था समिति, जनसहभागिता, परीक्षामा अनुशासन र विद्यालयको वित्तिय व्यवस्थापन जस्ता कुराहरुको कानुनी व्यवस्था गरेको पाइन्छ । वि.सं. १९९८ मा Chief Inspector of school को स्थापना गरी विद्यालय निरीक्षणलाई तिव्रता दिएको देखिन्छ । वि.सं. २००४ सालमा राज्यलाई ३ वटा Deputy मा बिभाजन गरी निरीक्षण व्यवस्था र शैक्षिक प्रशासनलाई व्यापक बनाउने काम गरियो ।

राणा शासनको पतन पश्चात वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि नेपाली जनताको शिक्षाप्रतिको प्यास र चेतनाका कारण मुलुकभर ठूलो सङ्ख्यामा विद्यालयहरु खुल्न थाले । फलस्वरुप वि.सं. २०१० माघ १६ गते नेपाललाई ७ डिभिजनमा विभाजन गरि विद्यालय सुपरिवेक्षण र शैक्षिक प्रशासनलाई विकेन्द्रीकरण गर्ने नीति लिइयो । वि.सं. २०११ सालमा नेपाल राष्ट्रिय शिक्षा र ँ ६ योगको गठन गरी सुपरिवेक्षण व्यवस्थालाई प्रशासनिक सङ्गठन र तिनीहरुको कायक्षत्र, जनसहयोग एवं शिक्षामा जनसहभागिता गराउने विधि समेत उल्लेख गरियो । यसैबाट नेपालमा योजनावद्ध विद्यालय सुपरिवेक्षणको सुरुवात भएको पाइन्छ । शिक्षक, विद्यालय निरीक्षक तथा शिक्षाक्षेत्रका प्रशासकहरुलाई तालिमको व्यवस्था गर्न २०१४ सालमा College of Education को स्थापना गरियो । वि.सं. २०१८ सालमा नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरी प्रत्येक अञ्चलमा अञ्चल शिक्षा अधिकारी र प्रत्येक जिल्लामा जिल्ला शिक्षा निरीक्षक रहने व्यवस्था मिलायो । अञ्चल शिक्षा अधिकारीले माध्यमिक विद्यालय र जिल्ला शिक्षा निरीक्षकले प्राथमिक विद्यालयहरु हेर्दथे । शिक्षा क्षेत्रका सबै पक्षको सुधार र विकासका लागि वि.सं. २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको गठन भयो । विद्यालय निरीक्षणलाई सहज बनाउने उद्देश्यले थप २१ Sub-inspector अफिसहरु स्थापना गरियो । वि.सं. २०२२ सालमा जिल्लामा जिल्ला शिक्षा निरीक्षकको कार्यालय स्थापना भए । २०२७ सालमा अञ्चल शिक्षा अधिकारी कार्यालयहरु खारेज गरी २९ जिल्लाहरुमा जिल्ला शिक्षा कार्यालयहरु स्थापना गरियो भने अन्य जिल्लाहरुमा जिल्ला शिक्षा निरीक्षकको व्यवस्थालाई यथावत राखियो (आचार्य २०६१) ।

वि.सं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना (रा.शि.प.यो.) लागू भएपछि यसैको सिफारिसका आधारमा विद्यालय र निरीक्षक अनुपात स्पष्ट गरि विद्यालय निरीक्षणलाई सुव्यवस्थित बनाउने मार्ग निर्देशन गऱ्यो । यसको मध्यावधि र पूर्णावधि मूल्याङ्कन समेत गरी वि.सं. २०३८ सालमा विद्यालय निरीक्षणलाई संस्थागत र प्रभावकारी रूपमा सञ्चालन गर्न चरणबद्ध निरीक्षण इकाई परियोजना लागू गर्ने निर्णय गरिएको भएता पनि

यसले खासै सफलता पाउन सकेन । वि.सं. २०३८/२०३९ साल तिर सुदुरपश्चिम नेपालको सेती अञ्चलमा ग्रामीण विकास परियोजना लागू भएपछि विद्यालयहरुलाई समूह (Cluster) मा बिभाजन गरी स्रोतव्यक्तिहरु मार्फत विद्यालय निरीक्षण गर्ने व्यवस्था मिलाइयो । त्यस पछि क्रमशः आधारभूत प्राथमिक शिक्षा परियोजना लागू गरी स्रोतव्यक्ति मार्फत प्राथमिक विद्यालयहरुको निरीक्षण गर्ने गराउने व्यवस्था मिलाइयो । वि.सं. २०४९/०५० मा परियोजनाको कार्यक्रम समाप्त भएपछि बिश्व बैंक र युनिसेफको सहयोगमा सन् १९८४ मा प्राथमिक शिक्षा परियोजना लागू भयो । यसले पनि स्रोतकेन्द्र प्रणालीलाई नै निरन्तरता दिँदै स्रोतव्यक्तिको व्यवस्था गऱ्यो । वि.सं. २०४६ सालको जनआन्दोलन पश्चात नेपालमा प्रजातन्त्रको पुनःस्थापना भएपछि २०४९ सालमा गठन भएको राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन अनुसार पनि विद्यालय निरीक्षक र स्रोतव्यक्तिहरुका माध्यमबाट विद्यालय निरीक्षणको व्यवस्था गरियो ।

निरीक्षण कार्यलाई अझ बढी बिश्वसनीय र भरपर्दो बनाउन वि.सं. २०६१ सालमा निरीक्षणालय निर्देशिका लागू गरी वि.व्य.स., गा.शि.स., शि.अ.संघ तथा स्थानीय निकायको रोहवरमा सहभागितात्मक विद्यालय निरीक्षणको व्यवस्था गरिएको छ । शिक्षा नियमावली २०५९ ले विद्यालय सुपरिवेक्षणमा बिशेष जोड दिँदै प्र.अ., वि.व्य.स., गाउँ शिक्षा समिति, विद्यालय निरीक्षक, जिल्ला शिक्षा अधिकारी, क्षेत्रीय निर्देशक र महानिर्देशकको विद्यालय सुपरिवेक्षणका सम्बन्धमा काम, कर्तव्य र अधिकार समेत स्पष्ट उल्लेख गरेको छ । वि.सं. २०५० सालदेखि विद्यालय सुपरिवेक्षण प्रणालीलाई व्यवस्थित गर्न नयाँ सङ्गठनात्मक ढाँचा लागू गरिएको छ । साथै वि.सं. २०६१ सालमा निरीक्षणालय निर्देशिका समेत जारी भएको छ (काफले, श्रेष्ठ र सिन्हा २०६४) ।

## १.२ समस्याको कथन

वर्तमान अवस्थामा पनि विद्यालय सुपरिवेक्षणको लागि विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरुको व्यवस्था गरी सुपरिवेक्षण गर्ने अभिभारा सुम्पिएको भएता पनि उनीहरुमा विद्यालय भ्रमण र विद्यालयका सरोकारवालाहरुसँग सोझो सम्पर्क स्थापना गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका प्रयास भन्दा पनि सदरमुकाम र कार्यालयमा नै बस्ने प्रवृत्ति रहेको पाइन्छ । कतिपय सुपरिवेक्षकहरुमा विद्यालय निरीक्षण सम्बन्धी ऐन नियम र निरीक्षणका विभिन्न सिद्धान्तहरुको जानकारीको अभावमा उनीहरुमा Power over को चिन्तन, प्रशासकीय नेतृत्व शैली, अवलोकन, विश्लेषण, मूल्याङ्कन र कार्यान्वयनको अभाव, परम्परागत तथा निरंकुश सुपरिवेक्ष ८ अनुसन्धान निष्कर्षको कार्यान्वयनको अभाव, अध्ययन अनुसन्धानलाई वेवास्ता गरिनु, निरीक्षकहरुको पेशागत आत्मबल बढाउन नसकिनु , शैक्षिक उपलब्धिको निरन्तर लेखाजोखा र सुधार जस्ता पक्षहरु कमजोर रहनु निरीक्षण तथा सुपरिवेक्षणका राष्ट्रिय समस्याका रूपमा उभिएका छन् । दुर्गम तथा भौगोलिक हिसाबले अति विकट यस ९ ाल्लामा पनि विद्यालय निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी विविध समस्याहरु रहेको पाइयो । एक गाउँबाट अर्को गाउँको दुरी टाढा भएकाले विद्यालयहरु पनि छरिएर रहेका छन् । २०६२/२०६३ को दास्रो जनआन्दोलन अघिको द्वन्द्वकालमा यस जिल्लामा खासै विद्यालयहरु निरीक्षण भएको देखिएन । मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भएपछि २०६३ सालमा केही पूर्व स्रोतव्यक्तिहरुको पूनर्वहाली र केही स्रोतव्यक्तिहरुको नयाँ नियुक्ति गरी जिल्लाको सात वटै स्रोतकेन्द्रमा विद्यालय निरीक्षण तथा सुपरीवेक्षणले निरन्तरता पाएको देखिन्छ । जिल्ला सदरमुकाम सिमकोट नजिकका विद्यालयहरुमा अक्कल झुक्कल शिक्षा विभाग र क्षेत्रीय शिक्षा निर्देशनालयबाट पनि निरीक्षण गरिएको पाइन्छ । वर्तमान अवस्थामा विद्यालय निरीक्षण तथा सुपरिवेक्षणको प्रमुख जिम्मेवारी पाएका विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरुलाई सुपरीवेक्षण सम्बन्धी प्रर्याप्त तालिम तथा श्रोत र साधनको अभावमा निरीक्षणका क्रममा शिक्षकहरुको मात्र एकोहोरो गल्ति देखाउने तर समस्याको समाधानमा सहयोग पुऱ्याउने नगरेको पनि सम्वन्धित शिक्षकहरुबाट प्रष्ट हुन्छ । यसबाट विद्यालयको समग्र विकास र शिक्षण सिकाइ प्रक्रियामा कस्तो प्रभाव पर्ला सहजै अनुमान लगाउन

सकिन्छ । यसैले विद्यालय सुपरिवेक्षण सम्बन्धी वर्तमान अवस्थाको गहन अध्ययन गरी समस्याहरु पहिचान गरेर समाधानका लागि उचित उपायहरु पेश गर्न विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्थालाई समस्याको कथनको रुपमा लिईएको छ ।

९

## १.३ अध्ययनको औचित्य

निश्चय नै खोज तथा अनुसन्धान गर्ने कार्य चुनौतीपूर्ण हुन्छ । अध्ययनको क्रममा सम्बन्धित विषयमा समस्याहरु कहाँ छन् र ती समस्याका कारण के के हुन् भन्नेवारे गम्भिरताका साथ केलाउनु पर्ने हुन्छ । सुपरिवेक्षण भनेको कुनै पनि कार्यक्रमको प्रभावकारिता अध्ययन गर्न तथा समयमा नै कमीकमजोरीहरु पत्ता लगाई त्यसको उचित समाधान तथा परामर्श सेवा उपलब्ध गराउन अनुगमन समेत गर्ने कार्य हो । विज्ञान र प्रविधिको चरम विकासको वर्तमान अवस्थामा शिक्षा क्षेत्रमा पनि यसको व्यापक प्रभाव परिरहेको छ भने यसले विविध चुनौतीहरु पनि ल्याएको पाइन्छ । शिक्षा क्षेत्रमा नयाँ किसिमका शैक्षिक सामग्री, शिक्षण विधि र शिक्षण सिकाइमा नयाँ नयाँ तरिकाहरुको आवश्यकता देखिन आएको छ । हाल विद्यालयमा अध्ययनरत बालबालिकाहरु मध्ये कतिपय विद्यालयमा पढ्दा पढ्दै छाड्ने, परीक्षामा अनुत्तिर्ण हुने, एक विद्यालयबाट स्थानान्तर भई अर्को विद्यालयमा जाने समस्या रहेको पाइन्छ । यी र यस्ता विविध समस्याहरुको मनोवैज्ञानिक समाधान गर्न सकिएन भने राज्यले ठूलो शैक्षिक तथा आर्थिक क्षति भोग्नु पर्ने देखिन्छ । विद्यालयमा भर्ना भई अध्ययनरत विद्यार्थीहरुलाई टिकाई राख्नु पर्ने एउटा ठूलै चुनौती भएको छ । विद्यालय शिक्षामा रहेका यस्ता समस्याहरुलाई समाधान गर्न सरकारले ठूलो लगानी गरेको भएता पनि आशातित सफलता पाउन

सकिएको छैन । यसका लागि निरीक्षण तथा सुपरीवेक्षणको जिम्मा पाएका व्यक्तिहरुले विद्यालयको निरन्तर अनुगमन गरिरहनु पर्ने, शिक्षण सिकाइमा देखापरेका समस्याहरु समाधानमा सहजिकरण गर्नु पर्ने, आजको वर्तमान अवस्थासम्म पनि विद्यालय शिक्षाबाट वञ्चित पढ्ने उमेर समुहका बालबालिकाहरुलाई विद्यालयभित्र ल्याउन के गर्न सकिन्छ भन्ने कुरामा चिन्तन गरी त्यसै अनुरुप कार्य गर्ने तर्फ सुपरिवेक्षकहरुको ध्यान जानु पर्ने हुन्छ ।

विद्यालय निरीक्षण, अनुगमन तथा सुपरिवेक्षण गर्नका लागि सरकारले विकेन्द्रीकरण गर्ने योजनाअनुसार प्रत्येक जिल्लामा विद्यालयहरुको समूहमा स्रोतकेन्द्रको स्थापना गरी प्रत्येक स्रोतकेन्द्रमा स्रोतव्यक्तिहरुको व्यवस्था मिलाएको छ । शिक्षकहरुलाई शिक्षण सिकाइमा सहयोग पुऱ्याउन, उनीहरुको पेशागत १० ।भिवृद्धि गर्न र विद्यालयका सरोकारवालाहरु बीच सहसम्बन्ध स्थापित गरी विद्यालयलाइ गुणस्तरीय शिक्षाको थलो बनाउन वर्तमान अवस्थामा स्रोतव्यक्तिहरुको अहं भूमिका रहन्छ । कमजोर शिक्षकहरुलाई सफल शिक्षकका रुपमा परिवर्तन गर्ने जिम्मेवारी पनि निरीक्षक तथा सुपरिवेक्षकहरुको हातमा रहेको हुन्छ । त्यसैले भनिन्छ, निरीक्षक तथा सुपरिवेक्षक विद्यालयको शैक्षिक वातावरणको सहजकर्ता, शैक्षिक सहयोगी, कुशल परामर्शदाता र असल सल्लाहकार पनि हो तर कुनै प्रशासक होइन । सफल निरीक्षक बन्नका लागि व् ११ व्यक्ति लामो समयसम्म शिक्षण पेशामा संलग्न भई प्रयाप्त अनुभव लिएको हुनु पर्दछ तर भर्खरै लोकसेवा पास गरी आएका वि.नि. हरुसँग यस किसिमको अनुभव नहुन सक्छ । यसै कारण हाल स्रोतकेन्द्रका स्रोतव्यक्तिहरु त्यसै स्रोतकेन्द्रका लामो अनुभव भएका र तालिम प्राप्त शिक्षकहरु मध्येबाट छनौट गरी विद्यालय निरीक्षण, सुपरिवेक्षण तथा अनुगमनको जिम्मा दिइएको छ । तसर्थ यस अध्ययनको औचित्यलाई निम्नानुसार दर्शाइएको छ ।

(क) विद्यालयहरुमा आन्तरिक सुपरिवेक्षणको अभ्यास गर्न शिक्षक, प्र.अ. तथा वि.व्य.स. पदाधिकारीहरुलाई सहयोग पुऱ्याउन ।

(ख) स्रोतकेन्द्रका स्रोतव्यक्तिहरुलाई विद्यालय सुपरिवेक्षणमा उत्प्रेरणा जगाउन ।

(ग) जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक, शाखा अधिकृत तथा जिल्ला शिक्षा अधिकारीलाई विद्यालय सुपरिवेक्षण प्रति जिम्मेवार बनाउन ।

(घ) भविष्यका शैक्षिक अनुसन्धानकर्ता, सुपरिवेक्षक, शैक्षिक योजनाकार तथा शिक्षासँग सरोकार राख्ने व्यक्तिहरुलाई अनुसन्धान कार्यमा सहयोग पुऱ्याउन ।

(ङ) शिक्षा क्षेत्रमा लगानी गर्ने अन्य सरकारी तथा गैर सरकारी निकायहरुलाई आफ्नो लगानीको प्रभावकारिता मल्याङ्कन गर्न ।

## १.४ अध्ययनका उद्देश्यहरु

११

यस अध्ययनका उद्देश्यहरु  निम्न अनुसार रहेका छन ।

क) विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था पहिचान गर्ने

ख) विद्यालय सुपरिवेक्षणमा आइपरेका समस्याहरु पत्ता लगाउने ।

ग) विद्यालय सुपरिवेक्षणका समस्या समाधानका उपायहरु सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

तोकिएका उद्देश्यहरु पूरा गर्न निम्न अनुसारका प्रश्नहरु रहने छन ।

क) विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्थाको स्थिति के छ ?

ख) विद्यालय सुपरिवेक्षणमा आइपरेका समस्याहरु के के छन् ?

ग) उक्त समस्या समाधानका उपायहरु के के हुन सक्छन ?

## १.६ अध्ययनका परिसीमाहरु

विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्थाको अध्ययन एक सूक्ष्म अध्ययन भएकाले यसलाई सबै स्थान, जनसङ्ख्या र समयमा सामान्यीकरण गर्न सकिंदैन किनकी यो अध्ययन जिल्ला शिक्षा कार्यालय हुम्ला अन्तर्गतको लाली स्रोतकेन्द्र भित्र रहेका विद्यालयहरुको सुपरिवेक्षणको वर्तमान अवस्थासँग सम्बन्धित रहको छ । अध्ययनका लागि हुम्ला जिल्लाको लाली स्रोतकेन्द्र अन्तर्गतका १४ वटा विद्यालयका १४ जना प्र.अ., १४ जना वि.व्य.स. अध्यक्षहरु, यस स्रोतकेन्द्रका स्रोतव्यक्ति, जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक तथा जि.शि.अ. लाई न १२ ोट गरी उनीहरु माथी नै यो अध्ययनलाई सिमित गरिएको छ ।

# परिच्छेद दुई :

१३

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था सम्बन्धी अध्ययन गर्न विभिन्न शिक्षाविद्हरुका लेख, रचना, शिक्षा ऐन तथा नियमावली, विभिन्न शिक्षा आयोगका प्रतिवेदनका साथै विभिन्न समयमा विभिन्न व्यक्तिहरुबाट शिक्षा क्षेत्रमा गरिएका खोज तथा अनुसन्धान समेतलाई आधार बनाइएको छ, जसले यस अध्ययनलाई थप प्रष्ट पार्ने छन् ।

शिक्षा इस्तिहार, (१९९६) मा सरकारले विद्यालय निरीक्षण गर्न इन्सपेक्टर खटाउन सक्ने व्यवस्था गरेको देखिएता पनि विद्यालय निरीक्षण तथा विद्यालयको रेखदेख गर्ने अभिभारा विद्यालय सञ्चालन समितिमा सुम्पेको पाइन्छ । यसमा विद्यालयहरुको भौतिक अवस्था,

शिक्षकहरुको अवस्था, विद्यालयमा पठनपाठन भए नभएको तथा विद्यालयको समग्र अवस्था र शिक्षकहरुको आचरण र चालचलनका विषयमा विद्यालय सञ्चालन समितिले इन्सपेक्टर समक्ष जाहेर गर्ने भनि तोकिएको थियो । इस्तिहारले जनसहभागिता, वित्तिय व्यवस्था, परीक्षा सञ्चालन, अनुशासन जस्ता कुराहरुको कानुनी व्यवस्था गरेको पाइन्छ । निरीक्षकले विद्यार्थीहरुको स्वास्थ्यका बारेमा पनि जानकारी राखी शिक्षकहरुको निगरानी राख्ने व्यवस्था गरेको छ । इन्सपेक्टरले विद्यालय जाँच गर्न आएका बखत विद्यालयमा भएका हर चिज जचाउँनु पर्छ भनि इस्तिहारमा भनिएको छ ।

शिक्षा नियमावली, (२०५९) को तेस्रो संशोधनले विद्यालय निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धमा विद्यालय निरीक्षकको काम, कर्तव्य र अधिकारबारे यसरी उल्लेख गरेको छ । प्रत्येक महिना कम्तीमा एकपटक विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्ने, गराउने र त्यसरी निरीक्षण तथा सुपरिवेक्षण गर्ने क्रममा प्रधानाध्यापक र व्यवस्थापन समितिसँग छलफल गरी छलफल भएको कुरा र निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी व्यहोरा विद्यालयको निरीक्षण पुस्तिकामा जनाउने तथा जनाउन लगाउने, विद्यालय विकासको लागि व्यवस्थापन समिति तथा स्थानीय शिक्षा प्रेमीहरुसँग सम्पर्क तथा आवश्यक सरसल्लाह र अन्तरक्रिया गर्ने, विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्षहरुको गोष्ठी गर्ने, शिक्षकलाई तालिमको लागि सिफारिस गर्ने तथा स्रोतव्यक्तिको कामको अनुगमन गरी प्रत्येक महिना गाँउ शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयमा प्रतिवेदन पेश गर्ने कुरा उल्लेख छ । त्यसै गरी प्रधानाध्यापकको काम, कर्तव्य  र अधिकारमा विद्यालयमा शैक्षिक बातावरण, गुणस्तर र अनुशासन कायम राख्ने, शिक्षकहरुसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने, शिक्षक तथा कर्मचारीहरुको आचरण र कार्यसम्पादन सम्बन्धी प्रतिवेदन जिल्ला शिक्षा कार्यालय तथा व्यवस्थापन समितिमा पेश गर्ने, महिनामा कम्तिमा एक पटक शिक्षकहरुको बैठक बोलाई विद्यालय सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने र शिक्षकहरुलाई

तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराइ जिल्ला शिक्षा कार्यालयमा पठाउने कुरा उल्लेख छ । यसै गरी वि.व्य.स. को काम कर्तव्य र अधिकारमा विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने, शिक्षकलाई तालिमको लागि छनौट गर्ने निरीक्षकले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिकामा गयल जनाएकोमा त्यस्तो गयल वापत तलव कट्टी गर्ने तथा जिल्ला शिक्षा अधिकारीलाई पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य सहयोगी सामग्री लागू गरे नगरेको निरीक्षण तथा अनुगमन गर्ने अधिकार तोकिएको छ ।

निरीक्षणालय निर्देशिका, (२०६१) मा विद्यालय निरीक्षण तथा अनुगमन गर्दा निरीक्षकले विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा समिति, शिक्षक अभिभावक संघ तथा स्थानीय निकायका पदाधिकारी एवं सरोकारवालाहरुको रोहवरमा गर्नु पर्दछ भनि उल्लेख गरिएको छ । यसले विद्यालय निरीक्षणको प्रजातान्त्रिक शैली अपनाउनु पर्ने, विद्यालय निरीक्षकले शिक्षकहरुको कक्षा अवलोकन पश्चात उनीहरुसँग बसी छलफल, अन्तरक्रिया र पृष्ठपोषण समेत उपलब्ध गराउनु पर्ने, निरीक्षक र सुपरिबेक्षकहरुले बिद्यालयको भौतिक, आर्थिक र प्रशासनिक पक्षको भन्दा बढी शैक्षिक सुपरिबेक्षण गरि शिक्षकका समस्या र कमजोरीहरुलाई हटाउन उनीहरुसँग समन्वय, सहकार्य र सहयोगको भावना बढाउनु पर्ने कुरामा जोड दिएको छ ।



राष्ट्रिय शिक्षा पद्धतिको योजना, (२०२८-२०३२) द्वारा प्रस्तुत गरिएको प्रतिवेदनमा विद्यालय संरचनाको प्राथमिक तहका लागि विद्यालय निरीक्षकहरुको योग्यता आई.एड. वा सो सरह र तालिम प्राप्त तथा निम्न माध्यमिक र माध्यमिक तहका लागि बि.एड. वा सो सरह र तालिम प्राप्त व्यक्ति हुनुपर्ने प्रावधान राखेको छ । निरीक्षकहरुले समय समयमा विद्यालयमा गई निरीक्षण गर्नु पर्ने, शिक्षकहरुको कामको मूल्याङ्कन गर्नु पर्ने, राम्रो काम गर्ने विद्यालय तथा शिक्षकहरुलाई प्रोत्साहन गर्नु पर्ने, विद्यालयको समग्र प्रगतिको लागि आवश्यक सुझाव सल्लाह उपलब्ध गराउनु पर्ने भनि किटान गरेको देखिन्छ । जिल्ला अन्तर्गतका बिभिन्न क्षेत्रमा बसी काम गर्ने निरीक्षकहरुलाई प्रोत्साहन स्वरुप मासिक

तलवमा ३३ प्रतिशत थप सुविधा दिने व्यवस्था समेत मिलाएको पाइन्छ । यसमा विद्यार्थीहरुको शैक्षिक स्तर पत्ता लगाउन निरीक्षकहरुद्वारा प्रश्नपत्र निर्माण गरी उनीहरुको सिकाइ उपलब्धि मूल्याङ्कन गर्ने व्यवस्था गरेको पनि पाइन्छ । रा.शि.प.यो. (२०२८) ले विद्यालय निरीक्षण सम्बन्धी निम्न व्यवस्था मिलाएको पाइन्छ ।

क) विद्यालयको शैक्षिक निरीक्षण र भौतिक तथा प्रशासनिक निरीक्षण गरी २ प्रकारको निरीक्षणको व्यवस्था गरेको ।

ख) एक शैक्षिक सत्रमा कम्तिमा २ पटक विद्यालयको निरीक्षण गर्ने व्यवस्था गरेको ।

ग) विद्यालयको संरचना अनुसार अलग तहमा अलग निरीक्षकहरुको व्यवस्था तथा निरीक्षण गर्ने शैली समेत उल्लेख गरेको ।

घ) विद्यालय निरीक्षकहरुको अनुपात मिलाइ निरीक्षण गर्ने व्यवस्था तथा निरीक्षकहरुको स्तर र योग्यता निर्धारण गरेको पाइन्छ ।

उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन, (२०५५) ले निरीक्षकहरुलाई प्रत्येक जिल्लामा विद्यालय निरीक्षणमा भन्दा प्रशासनिक कार्यमा बढी लगाइएको, निरीक्षकहरुलाई विद्यालय निरीक्षण सम्बन्धी तालिम उपलब्ध नगराएको, निरीक्षकहरुको शैक्षिक योग्यता न्युन कायम गरिएको, उनीहरुमा अनुभव कम भएको, निरीक्षकहरु र विद्यालयको अनुपातमा न्युन निरीक्षकहरुको व्यवस्था तथा विद्यालय निरीक्षकहरुलाई दैनिक भ्रमण भत्ता आदिको समुचित व्यवस्था नभएकोले विद्यालय निरीक्षण प्रभावकारी हुन नसकेको भन्ने उल्लेख गरेको छ । योग्यता र अनुभवमा कमी भएका निरीक्षकहरुद्वारा विद्यालय निरीक्षण हुनु, शिक्षण पेशामा कहिल्यै काम नगरेका अनुभव रहित कोरा स्नातक व्यक्तिहरु स्रोतव्यक्ति एवं विद्यालय निरीक्षकका रुपमा खटाउने प्रचलनले स्रोतकेन्द्र प्रणाली प्रभावकारी हुन नसकेको कुरा दर्शाउँदै शिक्षण सिकाइको प्रभावकारितामा कम ध्यान दिने गरेकोले यस किसिमको निरीक्षण प्रणाली प्रभावहिन देखिएको बताएको छ । विद्यालय निरीक्षकले शैक्षिक

सुपरिवेक्षण तथा शिक्षक सहयोगीको रुपमा काम गर्नुपर्ने, जसमा प्र.अ.लाई शैक्षिक सुपरिवेक्षणका लागि नेतृत्व प्रदान गर्न सक्षम बनाउनका लागि बिशेष तालिमको व्यवस्था गर्नु पर्ने तथा अनुभवी एवं शैक्षिक दृष्टिले योग्य व्यक्तिलाई प्रतिस्पर्धाका आधारमा प्र.अ.मा छनौट गर्नु पर्ने कुरा उल्लेख गरेको छ । विद्यालय निरीक्षकका लागि शिक्षा शास्त्रमा स्नातकोत्तर वा कम्तिमा दश वर्ष शिक्षण अनुभव प्राप्त व्यक्तिलाई नियुक्ति गर्नु पर्ने समेत यसमा उल्लेख गरेको छ । साथै सम्बन्धित स्रोतकेन्द्र अन्तर्गत विद्यालयका अनुभवी र योग्यतावान मा.वि.शिक्षकहरुलाई प्रतिस्पर्धाका आधारमा छनौटगरी स्रोतव्यक्तिका रुपमा परिचालन गर्नु पर्ने र निजको रिक्त हुन आएको स्थानमा विद्यालयलाई एक शिक्षक दरवन्दी उपलब्ध गराउनु पर्ने सुझाव दिइएको छ ।

पौडेल, (२०६३) अनुसार विद्यालयको वार्षिक कार्यक्रम निर्माण गर्दा निरीक्षणसँग सम्बन्धित सरोकारवालाहरुको रोहवरमा कार्यक्रम बनाउनु पर्ने र विद्यालय निरीक्षणको सम्बन्धमा के कति पटक गर्ने भन्ने स्पष्ट हुनु पर्ने, राजनीतिक अवस्थामा सुधार गरि विद्यालयलाई शान्ति क्षेत्र बनाउने र शिक्षण संस्थाहरुलाई राजनीतिक प्रभावबाट अलग गरी शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने, नयाँ शिक्षक नियुक्ति गर्दा विषयगत, तालिम प्राप्त तथा योग्य शिक्षकहरुको छनौट गर्नु पर्ने र कमजोर शिक्षकहरुलाई सेवाकालीन तथा पुनर्ताजगी तालिम प्रदान गर्नु पर्ने, नियमित विद्यालय निरीक्षण भइरहनु पर्ने, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको संयोजकत्वमा निरीक्षण समिति गठन गर्नु पर्ने, स्रोतकेन्द्रबाट स्रोतव्यक्तिहरुले नियमित विद्यालय निरी १७ पर्ने र आएका कुराहरुलाई प्रतिवेदन तयार गरी जिल्ला शिक्षा कार्यालयमा पेश गर्नु पर्ने, विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरुले नियमित विद्यालय निरीक्षण प्रतिवेदन नबुझाएमा तलब भत्ता रोक्का गर्नुपर्ने जसबाट निरीक्षकले ठग्ने प्रवृत्ति कम हुन्छ । विद्यालय निरीक्षण प्रशासनिक भन्दा शैक्षिक प्रकृतिको हुनु पर्ने, सुपरिवेक्षण प्रक्रिया चरणबद्ध रूपमा र सुपरिवेक्षकको भूमिका सहयोगी तथा सुधारकर्ताको रूपमा हुनु पर्ने, विद्यालयमा सूचना तथा सञ्चारलाई खुला बनाउन आधुनिक प्रविधिको प्रयोग गरिन पर्ने, प्रधानाध्यापकलाई सुपरिवेक्षण कार्यमा

समय दिन सक्ने वातावरण हुनु पर्ने, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु सकभर योग्य र अनुभवी छनौट गरी उनीहरुलाई बिभिन्न गोष्ठी तथा सेमिनारको आयोजना गरी निरीक्षण सम्बन्धी तालिम उपलब्ध गराउनु पर्ने, विद्यालय निरीक्षक/स्रोतव्यक्तिको गुण, शैली, योग्यता एवं दक्षता र सीप अभिवृद्धि हुने खालका लामो छोटो अवधिका विषयगत तथा सुपरिवेक्षण सम्बन्धी नयाँ प्रविधिमा आधारित तालिमको व्यवस्था गर्ने, विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरुलाई फिल्डमा गई काम गरे वापत उचित भत्ताको व्यवस्था गर्ने, शिक्षा नियमावलीमा उल्लेख गरिएका काम कर्तव्य र अधिकार अनुरुप निरीक्षकहरुले काम गरे नगरेको जिल्ला शिक्षा अधिकारीले निगरानी गर्नु पर्ने कुरा उल्लेख छ ।

भण्डारी, (२०६५) अनुसार औपचारिक शिक्षा आर्जन गर्ने क्रममा हासिल गरेको ज्ञान र कार्यथलोको वास्तविक अवस्थासँग समायोजन हुन चुनौतीपूर्ण रहेको भएता पनि पेशागत दक्षता अभिवृद्धि गर्ने खालका सेवाकालीन तालिम प्राप्त भएपछि विद्यालयहरुमा गएर कार्य गर्न सजिलो भएको उहाँको अनुभव छ । आफ्नो कार्यक्षेत्रको अनुभवका आधारमा उनी भन्छन; विद्यालय निरीक्षण तथा सुपरिवेक्षणका क्षेत्रमा ठाँउ ठाँउमा राम्रा अभ्यासहरु प्रसस्त भएका छन् । विद्यालय तहमै पुगेर सान्दर्भिक ढँगले विषयको गहिराइसम्म पुग्ने प्रयत्न भयो भने राम्रा अभ्यासका प्रशस्त उदाहरणहरु देख्न र अनुभव गर्न सकिन्छ । समूह बिद्यालयका प्रधानाध्यापक र शिक्षकहरु सँगको सामिप्यले काम गर्ने उर्जा प्रदान गर्दछ । बालकेन्द्रित क्रियाकलापमा आधारित र मनोरञ्जनात्मक शिक्षण सिकाइलाई कक्षाकोठामा कसरी उपयोग गर्न सकिन्छ भन्ने आफ्नो मुख्य सरोकार हुन्थ्यो भन्ने उहाँको भनाइ छ । उहाँका अनुसार वि.नि. ले शिक्षकको इगोम १८ नपुग्ने गरी सहयोगीका रुपमा प्रस्तुत हुनु पर्ने राय छ । प्रत्येक महिना स्रोतकेन्द्रमा हुने प्रधानाध्यापक बैठकलाई दुई खण्डमा विभाजन गर्ने गरेकोमा पहिलो खण्डमा प्रशासनिक कार्य एवं माथिल्ला निकायबाट पठाईएका निर्देशन र परिपत्रका विषयमा छलफल हुने र दोस्रो खण्डमा प्राज्ञिक छलफलमा केन्द्रित हुन्थ्यो । कक्षाकोठाका क्रियाकलापका वारेमा छलफल हुने र छलफलबाट

निस्केको निष्कर्षलाई विद्यालयमा लागू गर्ने प्रयास गरिन्थ्यो । यस्तो प्रयास प्रधानाध्यापकबाट पनि गरिन्थ्यो भने विद्यालय निरीक्षक र स्रोतव्यक्ति पनि आफ्नो मासिक कार्यक्रम अनुसार विद्यालयहरुमा पुगेर कार्यान्वयनको अनुगमन गर्दथे । यसोगर्दा संयुक्त रुपमा सफलता हासिल गरेको उहाँको अनुभव छ ।

शाही, (२०६३) ले विद्यालय सुपरिबेक्षणमा विद्यालयसँग सरोकार राख्ने विद्यार्थी, शिक्षक, प्र.अ, शि.अ.संघ, वि.व्य.स. स्रोतब्यक्ति, विद्यालय निरीक्षक तथा जि.शि.अ. जस्ता सबै सरोकारवाला पक्षहरु बीच सहयोग, सहकार्य र समन्वय हुनु पर्ने निष्कर्ष निकालेका छन् । विद्यालय प्रति अपनत्वको भावना भएको समुदाय र सचेत सरोकारवालाहरु रहेको विद्यालयको सुपरिबेक्षण अवस्था पनि राम्रो देखिएको र उनीहरुमा सहयोग, सहकार्य पनि राम्रो देखिएकोले विद्यालयको शैक्षिक, भौतिक, आर्थिक र मानब स्रोत व्यवस्थापन पनि राम्रो पाइएको छ ।

गौतम, (२०६३) अनुसार विद्यालय निरीक्षकहरु आफ्नो सेवा र काम प्रति सन्तुष्ट र प्रतिबद्ध हुनसेका छैनन् भनि समस्या देखाइएको छ । उक्त लेखमा विद्यालय निरीक्षक विद्यालयमा गई निरीक्षण गर्नु पर्ने, विद्यालयमा देखिएका समस्या समाधानमा सहयोग गर्नु पर्ने र शिक्षण सिकाइमा सुधार ल्याउन शिक्षकहरुलाई तालिम प्रदान गरी सक्षम बनाउनु पर्ने कुराहरु उल्लेख गरिएको छ ।

बराल, (२०६५) अनुसार विद्यालय सुपरिवेक्षणमा प्राविधिक तथा सैद्धान्तिक समस्या देखिएको छ । भरखरै स्नातक गरेका अनुभव विहिन कोरा व्यक्तिहरुलाई विद्यालय निरीक्षक पदमा नियुक्ति गरी विद्यालय सुपरिवेक्षणको जिम्मा दिँदा उनीहरुबाट शिक्षकहरुका विषयगत र पेशागत समस्याहरु समाधान गर्न सकिएको छैन । अर्कातर्फ विद्यालय निरीक्षक, स्रोतव्यक्ति र स्रोतकेन्द्रहरु नै स १९ ग्रोत विहिन अवस्थामा रहेकोले विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था सन्तोषजनक देखिएको छैन । उहाँका अनुसार शिक्षा विषयमा स्नातकोत्तर गरेका व्यक्तिहरुलाई विद्यालय निरीक्षकको रूपमा नियुक्ति गरी

काममा खटाउनु पर्छ भने वि.नि. र स्रोतव्यक्तिहरुलाई प्रत्येक वर्ष छोटो अवधिको तालिमको व्यवस्था गर्नुपर्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

“विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था” शीर्षकमा गरिएको यस सोधकार्यलाई वैध, यथार्थपरक र बिश्वसनीय बनाउने उद्देश्यले Mary Parker Follet र Elton Mayo द्वारा प्रतिपादन गरिएको मानब सम्बन्ध सिद्धान्तलाई यस अध्ययनमा प्रयोग गरिएको छ ।

Mary parker follet (1932) ले उत्पादनमा वृद्धि गर्नका लागि कामदारको भावना र चाहना बुझ्नु पर्ने र कामदार तथा प्रशासक बीच मानवीय सम्बन्ध स्थापित गर्नु पर्ने भन्दै मानब सम्बन्ध सिद्धान्तको प्रतिपादन गरे । व्यक्तिमा निहित मनमुटाव, इर्श्या, झगडा र कलुसित भावनाको मनोवैज्ञानिक उपचार गरी कामदारहरुबाट यस्ता भावनाहरुको अन्त्य गरिनु पदर्छ । एक आपसमा सुमधुर सम्बन्ध स्थापित गरी कामदारहरुमा कामप्रति उत्प्रेरणा जगाउन सकिन्छ । यो सिद्धान्तले कामदार र मालिक वा प्रशासक बीच नजिकको मानवीय सम्बन्ध रहनु पर्ने कुरामा जोड दिन्छ । यसबाट काममा स्तरीयता तथा प्रभावकारिता बढ्न जान्छ । मानब सम्बन्ध सिद्धान्तले एउटै सङ्गठनमा कामगर्ने कर्मचारीहरु बीच प्रत्यक्ष सम्पर्क र समन्वयबाट कार्यसम्पादनमा प्रभावकारिता आउने कुरामा बिश्वास राख्छ । साधन र श्रोतलाई सामुहिक उद्देश्य प्राप्तिका लागि एकिकृत गर्ने हो भने मानव सम्बन्ध सुदृढ भई उत्पादनमा वृद्धि हुने कुरा Follet ले बताएकी छन् । सरी नै Elton Mayo ले पनि प्रशासनिक व्यवस्थापन, नेतृत्व तथा कामदार सबैमा मानवीय सम्बन्धले महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुरामा जोड दिएकी छन् ।



विद्यालय सुपरिवेक्षणलाई प्रभावकारी ६॥७। नानव सम्बन्ध सिद्धान्तको अनुसरण गरी व्यावहारिक प्रयोगमा ल्याउन सकिन्छ । प्र.अ., वि.व्य.स. स्रोतव्यक्ति, विद्यालय निरीक्षक र

जिल्ला शिक्षा अधिकारी जस्ता विद्यालय निरीक्षणसँग सम्बन्धित व्यक्ति तथा निकायहरु वीच प्रत्यक्ष सम्पर्क, सम्बन्ध, समन्वय र सहभागितामा विद्यालय सुपरीवेक्षण संयन्त्र निर्माण गरी सुपरिवेक्षणको वर्तमान अवस्थामा सुधार ल्याउन सकिन्छ । स्रोतब्यक्ति, विद्यालय निरीक्षक र सुपरिवेक्षकहरुले शिक्षकका समस्या र कमजोरीहरु पहिचान गरी समाधानका लागि पृष्ठपोषण प्रदान गर्न उनीहरुसँग घनिष्ठ सम्बन्ध स्थापना गर्नु पर्ने मान्यताअनुसार यस अध्ययनको सैद्धान्तिक खाकाको रूपमा Mary Parker Follet र Elton Mayo को मानव सम्बन्ध सिद्धान्तलाई छनौट गरिएको छ ।

## २.३ अध्ययनको शैक्षिक उपादेयता

अध्ययनको सिलसिलामा विद्यालय निरीक्षण, सुपरिवेक्षण र अनुगमनसँग सम्बन्धित सिद्धान्त, शिक्षाविद्का लेख, रचना र पत्र पत्रिकाहरुको गहन अध्ययन गरियो । यस किसिमका पूर्व साहित्यको पूनरावोलकनबाट विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था सम्बन्धी अध्ययन गर्न सहज भएको छ । सुरिवेक्षण मानव व्यवहारको अवलोकन गरी सुधारका लागि पृष्ठपोषण गर्ने कार्य हो । विद्यालय सुपरिवेक्षणमा शिक्षण सिकाइ क्रियाकलापका साथै समग्र शैक्षिक कार्यक्रम र विद्यालयसँग सम्बन्धित आर्थिक, भौतिक तथा मानवीय व्यवहारको अध्ययन गरी सुधारका लागि सुझाव, सहयोग र पृष्ठपोषण प्रदान गरिन्छ । विद्यालय अनुगमन, निरीक्षण र सुपरिबेक्षणका क्षेत्रमा महत्वपूर्ण भूमिका निर्बाह गर्ने प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, स्रोतब्यक्ति, विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारीका बीच प्रत्यक्ष सम्पर्क, घनिष्ठ सम्बन्ध र समन्वय कायम गरी विद्यालय सुपरिवेक्षणलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ । विद्यालय सुपरिवेक्षणको लागि शिक्षासँग सम्बन्धित व्यक्ति र सरोकारवालाहरुको एक विद्यालय सुपरिवेक्षण संयन्त्र निर्माण गरी मानवीय सम्बन्ध, सहकार्य र सहभागितामूलक सुपरिवेक्षण प्रकिया अपनाई विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्थामा सु[illegible]ाउन सकिन्छ । सम्बन्धित साहित्यको

अध्ययनबाट यस विषयमा वर्तमान अवस्थासम्म भएका खोज अनुसन्धान सम्बन्धी प्रशस्त जानकारी प्राप्त भयो । यसबाट अनुसन्धानकर्तालाई अध्ययनलाई निश्चित दिशातर्फ डोऱ्याउन सजिलो हुनुका साथै यसैका आधारमा अध्ययनकर्तालाई अध्ययनको सैद्धान्तिक खाका निर्माणमा पनि सहज भयो । यिनै कुराहरुलाई अध्ययनको शैक्षिक उपादेयताको रूपमा लिइएको छ ।

# परिच्छेद तीन :

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

"विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था" शीर्षकमा गरिएको यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । अध्ययनका लागि आबश्यक सूचना र तथ्याङ्क सङ्कलन गरेपछि प्रसोधिकरण, तालिकीकरण, व्याख्या र विश्लेषण गरी अनावश्यक सूचना र तथ्याङ्कलाई हटाइ उद्देश्य बमोजिम अर्थपूर्ण बनाइएको छ । अध्ययनमा सूचना तथा तथ्याङ्कको बिबेचना र विश्लेषण गर्न व्याख्यात्मक एबं बर्णनात्मक बिधि अपनाइएको हुनाले यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ ।

## ३.२ जनसङ्ख्या र नमुना छनौट

गुणात्मक अनुसन्धानमा आधारित भई गरिने यस अध्ययनका लागि उद्देश्य पूर्ण नमुना छनौट गरिएको थियो । “विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था” शीर्षकमा अनुसन्धान गर्नका लागि हुम्ला जिल्लाका ७ वटा स्रोतकेन्द्रहरु मध्ये भौगोलिक हिसावले लगभग जिल्लाको मध्य भागमा रहेको लाली स्रोतकेन्द्र र यहाँ रहेका १४ वटा विद्यालयहरु र यी विद्यालयका प्रधानाध्यापक, वि.व्य.स. अध्यक्षहरु तथा यस स्रोतकेन्द्रका स्रोतव्यक्ति, विद्यालय निरीक्षक तथा जिल्ला शिक्षा अधिकारीलाई पनि नमुना जनसङ्ख्याका रूपमा लिइएको छ । अनुसन्धानका लागि यस लाली स्रोतकेन्द्रमा रहेका १४ वटै विद्यालयहरुलाई नमुना छनौटमा पारि सुपरीवेक्षणको वर्तमान अवस्थालाई अध्ययनमा समेटिएको छ । विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था सम्बन्धी यस अध्यनलाई बढी भरपर्दो, वस्तुनिस्ठ र बिश्वसनीय बनाउने प्रयास गरिएकोछ । भौगोलिक विकटता र यातायातको असुविधाका

कारण समय र साधन स्रोतको अभाव भएकाले जिल्ला शिक्षा कार्यालय हुम्ला अन्तर्गतको लाली स्रोतकेन्द्रलाई मात्र अध्ययनको नमुनाको रुपमा छनौट गरिएको छ ।

तालिका १ जनसङ्ख्या र नमुना छनौट

| क्र.सं. | विवरण | जम्मा | नमुना छनौट | प्रतिशत |
|---|---|---|---|---|
| १ | प्राथमिक विद्यालय | ९ | ९ | १०० |
| २ | निम्न माध्यामिक विद्यालय | ४ | ४ | १०० |
| ३ | माध्यामिक विद्यालय | १ | १ | १०० |
| ४ | प्रधानाध्यापक | १४ | १४ | १०० |
| ५ | जिल्ला शिक्षा अधिकारी | १ | १ | १०० |
| ६ | स्रोतब्यक्ति/विद्यालय निरीक्षक | २ | २ | १०० |
| ७ | वि.व्य. स. अध्यक्ष | १४ | १४ | १०० |

## ३.३ अध्ययन साधनको छनौट र परीक्षण

अनुसन्धानमा तथ्याङ्कको महत्वपूर्ण भूमिका रहने भएकाले आधिकारीक स्रोतबाट बिश्वसनीय तथ्याङ्क सङ्कलन गर्न यस अध्ययनका लागि नमुना छनौटमा परेका विद्यालयहरुको भ्रमण, तथा नमुना छनौटमा परेका व्यक्तिहरुसँग प्रत्यक्ष भेटघाट, सामुहिक छलफल र प्रश्नावलीबाट प्राथमिक सूचनाहरु सङ्कलन गरिएको छ । विभिन्न आयोग तथा समितिका प्रतिवेदन, पत्रपत्रिका, विभिन्न विद्वानका भनाइहरु, स्रोतकेन्द्र र जि.शि.का. का अभिलेख र प्रकाशन तथा सम्बन्धित ऐन नियमहरुका आधारमा द्वितीय तथ्याङ्क सङ्कलन गरिएको छ । साथै अध्ययनका सिलसिलामा शिक्षक, प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, स्रोतब्यक्ति तथा विद्यालय निरीक्षक र जि.शि.अ. लाई क्रमश: अनुसूची १,२,३,४ र ५ मा

दिइएको ढाँचाका प्रश्नावलीहरु प्रयोग गरिएका छन् । अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्नका लागि तयार गरिने साधनहरु सान्दर्भिक र उपयोगी भए नभएको परीक्षण गर्नका लागि सम्बन्धित क्षेत्रका विषय विशेषज्ञहरु बाट राय सुझाव लिइएको थियो । अध्ययनका लागि तयार गरिने प्रश्नावलीहरुको वैधता तथा बिश्वसनियता कायम गर्नका लागि शोध निर्देशकको निर्देशनमा आवश्यकता अनुसार परिमार्जन समेत गरिएको थियो ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

अनुसन्धानकर्ता आफैंले अध्ययनका लागि नमुना छनौटमा परेको जनसङ्ख्याबाट खुला प्रश्नावलीको प्रयोग गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको थियो भने विद्यालय, स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालय हुम्लाको अभिलेख तथा प्रकाशनबाट द्वितीय तथ्याङ्क सङ्कलन गरिएको थियो ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रकिया

अध्ययनका लागि आवश्यक प्राथमिक तथा द्वितीय दुबै प्रकारका तथ्याङ्क हरु सङ्कलन गरिएको थियो । प्राथमिक तथ्याङ्क सङ्कलनका लागि निम्न प्रकियाहरु अपनाइएको थियो ।

क) प्रश्नावली

अध्ययनका उद्देश्यहरु प्राप्त गर्न यस स्रोतकेन्द्र अन्तरगत विद्यालयका प्रधानाध्यापकहरु, वि.व्य.स.अध्यक्षहरु, विद्यालय निरीक्षक, स्रोतब्यक्ति र जल्ला शिक्षा अधिकारीका लागि कमशः अनुसूचि २,३,४ र ५ का छुट्टा छुट्टै ढाँचाका खुल्ला प्रश्नावलीहरु वितरण गरी अध्ययनका क्रममा आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको थियो ।

द्वितीय तथ्याङ्क सङ्कलनका लागि बिभिन्न विद्वानका लेख रचना, पत्रपत्रिका अध्ययन, सम्बन्धित साहित्यको पुनरावलोकन, विद्यालय तथा जिल्ला शिक्षा कार्यालयमा उपलब्ध अभिलेखहरु र प्रतिवेदनहरु समेत अध्ययन गरियो । शिक्षा क्षेत्रमा भएको लगानी, विद्यालय सञ्चालन प्रकिया र विद्यालयबाट उ २५ ानशक्तिको गुणस्तरलाई जनाउने महत्वपूर्ण शैक्षिक सूचकहरुको रुपमा बिभिन्न स्रात र अध्ययन क्षेत्रबाट प्राप्त भएका तथ्याङ्कहरुलाई द्वितीय तथ्याङ्कको रुपमा प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या एवं विश्लेषण प्रक्रिया

कुनैपनि अध्ययनलाई तार्किक निष्कर्षमा पुऱ्याउनका लागि प्राथमिक र द्वितीय दुबै किसिमका तथ्याङ्कहरुको महत्व रहन्छ । यी तथ्याङ्कहरुलाई सङ्कलनको प्रारम्भिक स्वरुपमा नै प्रयोग गर्नु उपयुक्त मांनिदैन । तथ्याङ्कहरु सङ्कलनको सुरुमा अस्पष्ट, अव्यावहारिक र अनावश्यक पनि हुन सक्छन् । तथ्याङ्कहरुलाई सङ्कलन पश्चात प्रशोधन वा छनौट गरी पूर्ण, स्पष्ट, व्यावहारिक र व्यवस्थित बनाउनु पर्ने हुन्छ । यहाँ तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएका अनुसन्धानात्मक साधनहरु र प्राप्त तथ्याङ्कहरुको स्वरुपको आधारमा तथ्याङ्कलाई गुणात्मक किसिमले व्याख्या र विश्लेषण गरिएको छ । तथ्याङ्क सङ्कलनको गुणात्मक तरिका अनुसार कोरा तथ्याङ्कको छानविन गरी अनावश्यक, अष्पष्ट र असान्दर्भिक सूचना र जानकारीहरु हटाइएका छन् । कतिपय अष्पष्ट सूचनाहरुलाई विश्लेषणात्मक अध्ययन गरी अर्थ पूर्ण र स्पष्ट बनाउने काम गरिएको छ । तथ्याङ्क विश्लेषणको लागि गणितीय विधिको प्रयोग उपयुक्त मानिएको छैन । तथ्याङ्कलाई गुणात्मक पक्षबाट विश्लेषण गरी उद्देश्य केन्द्रित बनाउन सान्दर्भिक सिद्धान्तको आधार लिइएकोछ । यसरी तथ्याङ्कको गहन विश्लेषण गरी अध्ययनलाई निष्कर्षमा पुऱ्याउन बिशेष गरी गुणात्मक अनुसन्धान प्रकियाको प्रयोग गरिएको छ ।

२६

# परिच्छेद चार

## तथ्याङ्कको व्याख्या र विश्लेषण

"विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था" शीर्षकमा खोज तथा अनुसन्धानका लागि छनौट गरिएका नमुनाबाट सहि तथ्याङ्क प्राप्त गर्न तयार पारिएका परीक्षण साधनहरुको प्रयोगबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । खुल्ला प्रश्नावली तथा अवलोकनकर्ता स्वयंको प्रभावबाट तथ्याङ्क सङ्कलन गरी प्राप्त तथ्याङ्कहरुलाई व्याख्यात्मक शैलीमा उद्देश्य बमोजिम क्रमशः निम्न शीर्षकहरुमा रहेर व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१ विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था

अनुसन्धानका क्रममा विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था पहिचान गर्ने उद्देश्यका साथ नमुना छनौटमा परेका जिल्ला शिक्षा अधिकारी, स्रोतव्यक्ति, विद्यालय निरीक्षक, वि.व्य.स. अध्यक्षहरु र प्रधानाध्यापकहरुलाई क्रमशः अनुसूची ५,४,३ र २ का प्रश्नावलीहरुको प्रयोग गरी आबश्यक सूचना लिइएको थियो । उक्त साधनहरुको प्रयोगबाट प्राप्त तथ्याङ्कलाई व्याख्यात्मक शैलीमा उद्देश्य बमोजिम क्रमशः निम्न उप शीर्षकहरुमा रहेर व्याख्या र विश्लेषण गरिएको छ ।

#### क) सुपरिवेक्षणमा नियमितता

शिक्षा नियमावली तथा निरीक्षणालय निर्देशिकामा विद्यालयहरुको नियमित सुपरिवेक्षण गर्नु पर्ने भनिएको भएता पनि यस स्रोतकेन्द्रमा सुपरिवेक्षणको वर्तमान अवस्था बारे प्रश्नावली मार्फत बुझ्दा २ जना वि.नि. र स्रोतव्यक्ति, ६ जना प्र.अ. तथा ८ जना वि.व्य.स. अध्यक्षहरुले मात्र विद्यालय सुपरिवेक्षण नियमित रुपमा हुने गरेको प्रतिक्रिया दिएको पाईयो ।

**ख) स्रोतकेन्द्र प्र.अ. बैठक**

स्रोतकेन्द्रमा कम्तीमा महिनाको १ पटक समुह विद्यालयका प्र.अ.हरुको बैठक बसी शैक्षिक तथा विद्यालयमा सञ्चालन गरिने अन्य विविध कार्यक्रमहरुका बारेमा छलफल हुनु पर्नेमा नमुना जनसङ्ख्यामा प्रयोग गरिएको प्रश्नावली प्रतिक्रियाबाट २ जना वि.नि. र स्रोतव्यक्ति, ९ जना प्र.अ. तथा ११ जना वि.व्य.स. अध्यक्षहरुले मात्र यस बारे सकारात्मक जवाफ दिएको पाईयो ।

**ग) कक्षा शिक्षण अवलोकन, अन्तरक्रिया र पृष्ठपोषण**

विद्यालय सुपरिवेक्षकहरुले कक्षा शिक्षण अवलोकन पश्चात शिक्षकहरुसँग अन्तरक्रिया गरी समस्या र कमी कमजोरी हटाउन पृष्ठपोषण समेत उपलब्ध गराउनु पर्नेमा यसको अवस्था बारे प्रतिक्रिया बुझ्दा २ जना वि.नि. र स्रोतव्यक्ति, १० जना प्र.अ. तथा ८ जना वि.व्य.स. अध्यक्षले मात्र त्यसो हुने गरेको प्रतिक्रिया दिएको पाईयो ।

**घ) विषय शिक्षक भेला, अन्तरक्रिया र परामर्श**

समय समयमा समुह विद्यालयका विषय शिक्षकहरुलाई स्रोतकेन्द्रमा भेला गरी विषयगत छलफल गराई उनीहरुलाई आवश्यक परामर्श सेवा प्रदान गर्ने जिम्मेवारी विद्यालय सुपरिवेक्षकहरुलाई तोकिएको भएता पनि यस सम्बन्धमा २ जना वि.नि. र स्रोतव्यक्ति, ८ जना प्र.अ. तथा १० जना वि.व्य.स. अध्यक्षहरुले मात्र सकारात्मक प्रतिक्रिया दिएको पाईयो ।

**ङ) नमुना पाठ प्रदर्शन**

विद्यालय सुपरिवेक्षकहरुको प्रमुख दायित्व शिक्षकहरुका लागि नमुना पाठ प्रदर्शन गरी उनीहरुमा शिक्षण कौशल अभिबृद्धि गर्नु हो तर यस बारे प्रश्नावली मार्फत जानकारी लिँदा वि.नि. र स्रोतव्यक्तिले सकारात्मक प्रतिक्रिया दिएता पनि सबै जसो प्र.अ. र शिक्षकहरुले उनीहरुबाट नमुना पाठ शिक्षण नगरिएको अभिमत जाहेर गरेको पाईयो ।

**च) सरोकारवालाहरु बीच भेटघाट र छल** २८

विद्यालय सुपरिवेक्षकहरुले बेला बेलामा विद्यार्थी, शिक्षक, प्र.अ., अभिभावक, व्यवस्थापन समिति, समुदाय र स्थानीय सरकारी तथा गैर सरकारी कार्यालयका प्रतिनिधि जस्ता विद्यालयका सरोकारवाला पक्षसँग भेटघाट र छलफल गर्नु पर्नेमा जि.शि.अ., वि.नि. र स्रोतव्यक्ति बाहेक धेरै जसोबाट यस्तो अवस्था नरहेको प्रतिक्रिया पाईयो ।

**छ) जि.शि.का. मा प्रधानाध्यापकहरुको बैठक**

कम्तीमा महिनाको १ पटक जिल्ला शिक्षा कार्यालयमा प्रधानाध्यापकहरुको बैठक र अन्तरक्रिया कार्यक्रम सञ्चालन  हुनु पर्नेमा यसको अवस्था बारे नमुना जनसङ्ख्याबाट जानकारी लिँदा जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, स्रोतव्यक्ति तथा ७ जना प्रधानाध्यापक र ८ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुले मात्र सकारात्मक प्रतिक्रिया दिएको पाईयो ।

**ज) जि.शि.का. मा विद्यालय निरीक्षक तथा स्रोतव्यक्ति बैठक र अन्तरक्रिया**

विद्यालय सुपरिवेक्षणसँग प्रत्यक्ष सम्बन्ध राख्ने विद्यालय निरीक्षक र स्रोतव्यक्तिहरुको उपस्थितिमा जिल्ला शिक्षा कार्यालयमा कम्तीमा महिनाको १ पटक बैठक र अन्तरक्रिया हुनु पर्नेमा यसको अवस्था बारे नमुना जनसङ्ख्याबाट जानकारी लिँदा जिल्ला शिक्षा

अधिकारी, ९ जना प्रधानाध्यापक र १० जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुले मात्र सकारात्मक प्रतिक्रिया दिएको पाईयो ।

**झ) जि.शि.का. मा वि.व्य.स. अध्यक्षहरुको बैठक र अन्तरक्रिया**

शिक्षा नियमावलीमा विद्यालय व्यवस्थापन समिति पनि विद्यालय सुपरिवेक्षण गर्ने एक सवल र जिम्मेवार निकाय भएकोले जिल्ला शिक्षा कार्यालयले समय समयमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको बैठक र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी उनीहरुलाई पनि विद्यालय सुपरिवेक्षणमा सकृय बनाउनु पर्ने उल्लेख गरिएको भएता पनि यसको वर्तमान अवस्था के छ भनि बुझ्दा जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक तथा स्रोतव्यक्ति, ८ जना प्र.अ. र ६ ज २९ लय व्यवस्थापन समितिका अध्यक्षहरुले मात्र सकारात्मक अभिमत जाहेर गरेको पाइया ।

**ञ) विद्यालय कार्यक्रमहरुमा सुपरिवेक्षण सहयोग**

शिक्षा नियमावली तथा निरीक्षणालय निर्देशिकामा सुपरिवेक्षणले विद्यालयमा सञ्चालन गरिने शैक्षिक र अन्य सम्पूर्ण कार्यक्रमहरुमा प्राबिधिक सहयोग उपलब्ध गराउनु पर्ने भनिएको भएता पनि नमुना जनसङ्ख्यामा परेका धेरैजसो प्र.अ. र वि.व्य.स. अध्यक्षहरुद्वारा सुपरिवेक्षणले विद्यालयमा सञ्चालन हुने बिभिन्न कार्यक्रमहरुमा अपेक्षित प्राबिधिक सहयोग उपलब्ध गराउन नसकेको प्रतिक्रिया दिएको पाईयो ।

## ४.२ विद्यालय सुपरिवेक्षणमा आइपरेका समस्याहरु

विद्यालय सुपरिवेक्षणमा आइपरेका प्रमुख समस्याहरु के के हुन ? भनि प्र.अ., वि.व्य.स., स्रोतव्यक्ति र विद्यालय निरीक्षक तथा जिल्ला शिक्षा अधिकारीहरुलाई लिखित प्रश्नावाली तथा मौखिक अन्तरवार्ता समेतको माध्यमबाट जिज्ञाशा राख्दा प्राप्त प्रमुख समस्याहरुलाई तालिकाद्धारा अनुसूची ६ मा देखाइएको छ ।

अनुसूची ६ को तालिकालाई अध्ययन गर्दा विद्यालय सुपरिवेक्षणमा आइपरेका प्रमुख समस्याहरु सहज पहिचान गर्न सकिन्छ । यहाँ यी समस्याहरुको विश्लेषण गरिएको छ ।

**क) तालिमको अभाव**

विद्यालय सुपरिवेक्षणसँग सम्वन्धित व्यक्तिहरु प्र.अ., वि.व्य.स. स्रोतव्यक्ति र वि.नि.हरुलाई छोटो-लामो अवधिका तालिम, गोष्ठी र सेमिनारको अभावमा उनीहरुको क्षमता अभिवृद्धि हुन नसकि समस्या आइपरेको जि.शि.अ. बाहेक अरु सवैको अभिमत रहको पाइयो ।

**ख) राजनीतिक हस्तक्षेप**

स्रोतव्यक्तिको छनौट, स्रोतकेन्द्र तोक्ने र वि.नि.हरुलाई क्षेत्र तोक्ने कामदेखि विद्यालयसँग सम्वन्धित सवै निर्णय प्रक्रियामा राजनैतिक हस्तक्षेप हुने भएकोले विद्यालय सुपरिवेक्षणमा प्रभावकारिता आउन नसकेको धेरैजसोको प्रतिक्रिया रहेको पाईयो ।

**ग) सुपरिवेक्षण समीक्षा बैठकको अभाव** ३०

सम्बन्धित सबै प्र.अ., स्रोतब्यक्ति, विद्यालय निरीक्षक र वि.व्य.स. अध्यक्षहरुले स्रोतकेन्द्र र जि.शि.का.मा समय समयमा विद्यालय सुपरिवेक्षण समीक्षा बैठक बसी छलफल हुने नगरेकाले पनि समस्या आइपरेको भनी जवाफ दिएको पाईयो ।

**घ) सुपरिवेक्षण प्रतिबेदन कार्यान्वयको अभाव**

स्रोतव्यक्तिहरुले विद्यालय सुपरिवेक्षण पश्चात तयार गरी सिफारिस सहित पेश गरेको प्रतिवेदन र विद्यालय निरीक्षकहरुका प्रतिवेदन सहितलाई वेवास्ता गरिने गरेकोले विद्यालय सुपरिवेक्षणमा समस्या आइपरेको प्रतिक्रिया जि.शि.अ. बाहेक अरु सबैको अभिमत रहेको पाईयो ।

**ङ) विषयगत सुपरिवेक्षकको व्यवस्था नहुनु**

विषयगत स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकको व्यवस्था हुन नसकेको कारण सबै विषय शिक्षकहरुले सुपरिवेक्षणबाट आवश्यक सहयोग र पृष्ठपोषण प्राप्त गर्न नसकेको एक वि.नि. बाहेक अरु सबैले प्रतिकिया दिएको पाईयो ।

**च) सुपरिवेक्षकहरुलाई आवश्यक सुविधाको अभाव**

विद्यालय सुपरिवेक्षणसँग सम्बन्धित व्यक्तिहरुका लागि ठाउँ, समय र परिस्थति अनुसार उपयुक्त तलब र फिल्ड भत्ता तथा अन्य सुविधाको अभावका कारण समस्या देखापरेको सवैको प्रतिकिया रहेको देखियो ।

**छ) विद्यालय सुपरिवेक्षकहरु आफ्नो पेशाप्रति इमान्दार नहुनु**

यातायातको सुविधा नभएको र दुर्गम ग्रामिण क्षेत्रका विद्यालय सुपरिवेक्षकहरु विद्यालयहरुमा नगइ सदरमुकाम र जि.शि.का.मा नै वस्ने र आफ्नो पेशाप्रति इमान्दार नभएको वि.नि.र स्रोतब्यक्ति बाहेक सबै सहभागिको प्रतिकिया पाइयो ।

**ज) स्रोतकेन्द्रमा आवश्यक साधन स्रोतव** ३१ **रहनु**

स्रोतकेन्द्रहरुवाट समुह विद्यालयहरुको सुपरिवेक्षण गर्ने परिपाटी विकसित हुँदै आएको भएता पनि स्रोतकेन्द्रहरु नै आवश्यक साधन स्रोतको अभावमा परेकाले प्रभावकारी सुपरिवेक्षण हुन नसकेको सबैको प्रतिकिया पाईयो ।

**झ) प्र. अ.लाई शिक्षण कार्यबोझले सुपरिवेक्षण समयको अभाव**

प्रधानाध्यापकहरुलाई विद्यालयको दैनिक प्रशासन सञ्चालनको अतिरिक्त विषय शिक्षण कार्यबोझ पनि भएकोले समयाभाव भई सुपरिवेक्षणमा समस्या आउने गरेको जि.शि.अ., सबै प्र.अ., वि.नि.र स्रोतब्यक्ति तथा धेरैजसो वि.व्य.स. अध्यक्षको प्रतिकिया रहेको पाईयो ।

**ञ) सुपरिवेक्षकहरुमा शिक्षण अनुभवको अभाव**

भर्खरै स्नातक उत्तिर्ण गरि लोकसेवा पास गरेर आएका कोरा व्यक्तिहरुलाई विद्यालय निरीक्षकमा नियुक्ति गरि पठाउँदा उनिहरुमा शिक्षण अनुभवको अभावका कारण विद्यालय सुपरिवेक्षणमा समस्या देखिएको विद्यालय निरीक्षक बाहेक सबैबाट प्रतिक्रिया आएको देखियो ।

**ट) सुपरिवेक्षकहरुको दरवन्दी कम हुनु**

भौगोलिक विकटता, विद्यालयहरुको सङ्ख्या र दुरीको अनुपातमा विद्यालय सुपरिवेक्षकहरुको सङ्ख्या कम भएकोले प्रभावकारी सुपरिवेक्षण हुन नसकेको भन्दै विद्यालय सुपरिवेक्षकहरु थप गर्नु पर्ने सबैले प्रतिक्रिया दिएको पाईयो ।

**ठ) विद्यालय सुपरिवेक्षण र शिक्षक सहायता संयन्त्रको अभाव**

विद्यालय स्तरमा विद्यार्थी, शिक्षक, प्र.अ., वि.व्य.स., अभिभावक, स्रोतव्यक्ति र विद्यालय निरीक्षक समेतको संलग्नतामा एक विद्यालय सुपरिवेक्षण र शिक्षक सहायता संयन्त्र (TSM) को अभावले विद्यालय सुपरिवेक्षणमा समस्या आएको सबैको प्रतिक्रिया रहेको देखियो ।

३२

सुपरिवेक्षणले सम्बन्धित सरोकारवाला व्यक्तिहरुसँग सहयोगात्मक र सहभागितामूलक सम्वन्ध राख्दछ, यसले शिक्षण सिकाइलाई सुधारोन्मुख गर्दछ । तर यस स्रोतकेन्द्रमा सुपरिवेक्षकहरुले यस सिद्धान्तको अनुसरण गरेको पाइएन । शिक्षकहरुसँग न्यानो सम्वन्ध स्थापना गर्ने, कक्षा शिक्षणको अवलोकन गर्ने, शिक्षण सिकाइ क्रियाकलापको विश्लेषण, सम्मेलन आयोजनाको निर्माण र पुनर्योजना निर्माण गर्ने गरेको देखिएन ।

मेरी पार्कर फोलेट र इल्टन मेयोले मानव सम्बन्ध सिद्धान्तमा कुनै पनि सङ्गठनले योजना र कार्यक्रम अनुसार लक्ष्य र उद्देश्य हासिल गर्न त्यस सङ्गठनमा कार्यरत सबै कर्मचारी, कामदार, मालिक र प्रशासक बीच घनिष्ठ सम्बन्ध, प्रत्यक्ष सम्पर्क, आपसी समन्वय, सहकार्य र सहयोगी भावना जागृत भएको हुनु पर्दछ भनेझैं यहाँ जिल्ला शिक्षा कार्यालय, विद्यालय प्रशासन, व्यवस्थापन समिति र स्रोतकेन्द्र तथा यी निकायहरुमा कार्यरत कर्मचारीहरु बीच यस किसिमको भावनाको बिकास हुन नसकेकाले पनि विद्यालय सुपरिवेक्षणमा समस्या आइपरेको देखिन्छ । तसर्थ सङ्गठनमा मानव सम्बन्ध सिद्धान्तको अनुसरण गरेको खण्डमा कर्मचारीहरुको कार्य सम्पादनमा प्रभावकारिता बढ्न जान्छ ।

## ४.३. विद्यालय सुपरिवेक्षणमा देखिएका समस्या समाधानका उपायहरु

अध्ययनका क्रममा नमुना छनौटमा परेका प्र.अ., वि.व्य.स., स्रोतव्यक्ति, विद्यालय निरीक्षक र जि.शि.अ.लाई सोधिएका प्रश्नावली र अन्तरवार्ताका माध्यमबाट विद्यालय सुपरिवेक्षणमा देखिएका जल्दाबल्दा समस्या समाधानका उपायहरु तालिकामा प्रस्तुत गरी विवेचाना गरिएको छ ।

### क) तालिमको व्यवस्था

३३

विद्यालय सुपरिवेक्षणसँग प्रत्यक्ष सरोकार राख्ने प्र.अ., वि.व्य.स.,स्रोतव्यक्ति तथा वि.नि.हरुमा यस सम्बन्धी नबीनतम ज्ञान, सीप र शैलीको अभाव देखिएकोले सबैबाट प्रभावकारी सुपरिवेक्षणको लागि उनीहरुलाई तालिमको व्यवस्था गरि योग्य र दक्ष वनाउनु पर्ने जवाफ पाइयो ।

### ख) राजनीतिक हस्तक्षेपबाट मुक्त

स्रोतव्यक्तिको छनौट, स्रोतकेन्द्र तोक्ने र वि.नि.हरुलाई क्षेत्र तोक्ने कामदेखि विद्यालयसँग सम्वन्धित सबै निर्णय प्रक्रियामा राजनैतिक हस्तक्षेप हुने भएकोले विद्यालय सुपरिवेक्षणमा प्रभावकारिता ल्याउन शिक्षालाई राजनैतिक हस्तक्षेपबाट मुक्त राख्न पर्ने सबैको प्रतिक्रिया पाइयो ।

**ग) सुपरिवेक्षण समीक्षा बैठक सञ्चालन**

स्रोतकेन्द्र र जि.शि.का.मा सुपरिवेक्षण समीक्षा बैठक सञ्चालन हुने गरेको छैन भन्दै कम्तीमा महिनामा १ पटक सुपरिवेक्षण समिक्षा वैठक सञ्चालन हुनु पर्दछ भनि सवै प्रधानाध्यापक, वि.व्य.स.र स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरुले प्रतिक्रिया दिएको पाइयो ।

**घ) सुपरिवेक्षण प्रतिबेदनको कार्यान्वयन**

स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरुले विद्यालय अनुगमन र सुपरिवेक्षण पश्चात पेश गरेको सुपरिवेक्षण प्रतिवेदन कार्यान्वयन गर्न जि.शि.का.गम्भिर नदेखिएकोले विद्यालय सुपरिवेक्षणको बर्तमान अवस्थामा सुधार ल्याउन सुपरिवेक्षण प्रतिवेदन कार्यान्वयन गर्न जि.शि.का. गम्भिर रहनु पर्ने सवै प्र.अ., वि.व्य.स.र सवै स्रोतव्यक्ति तथा वि.नि.हरुले जवाफ दिएको पाइयो ।

**ङ) विषयगत सुपरिवेक्षकको व्यवस्था**

३४

एक जना स्रोतव्यक्ति तथा विद्यालय निर्र।क्षकल।इ सबै विषयको ज्ञान नहुने भएकोले उनीहरुबाट सबै शिक्षकहरुले शिक्षण सहायता प्राप्त गर्न सकेका छैनन् भनि स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरुको नियुक्ति गर्दा विषयगत रुपमा गर्नुपर्ने सबै प्र.अ., स्रोतव्यक्ति वि.नि र १० जना वि.व्य.स. तथा जि.शि.अ.  समेतको अभिमत रहेको पाइयो ।

### च) सुपरिवेक्षकहरुलाई आवश्यक सुबिधाको प्रबन्ध

दुर्गम ग्रामिण क्षेत्रमा कार्यरत विद्यालय सुपरिवेक्षणसँग सम्वन्धित व्यक्तिहरुको लागि ठाउँ, समय र परिस्थिति अनुसार सुबिधा नभएकाले उपयुक्त फिल्डभत्ता, यातायातको साधन, सञ्चार तथा अन्य सुबिधाको व्यवस्था गरी उनीहरुको मनोबल वढाउनु पर्दछ भनि सबै प्र.अ., १२ वि.व्य.स, सबै वि.नि. तथा स्रोतव्यक्ति र जि.शि.अ.समेतले जोड दिएको देखियो ।

### छ) विद्यालय सुपरिवेक्षकहरु आफ्नो पेशाप्रति इमान्दार हुनु पर्ने

विद्यालय सुपरिवेक्षकहरु यातायातको सुविधा नभएको रदुर्गम ग्रामिण क्षेत्रका विद्यालयहरुमा नजाने, सदरमुकाम र जि.शि.का.मा मात्र वस्ने गरेकाले उनीहरु आफ्नो पेशाप्रति इमान्दार भई विद्यालय सुपरिवेक्षणको वर्तमान अबस्थामा सुधार गर्नु पर्ने वि.नि. र स्रोतब्यक्ति बाहेक सबै सहभागिको प्रतिक्रिया पाइयो ।

### ज) स्रोतकेन्द्रमा आवश्यक साधन स्रोतको व्यवस्था

विद्यालय सुपरिवेक्षण गर्ने प्रमुख निकाय स्रोतकेन्द्रहरु नै आवश्यक साधन स्रोतको अभावमा परेकाले प्रभावकारी सुपरिवेक्षण हुन नसकेको भन्दै स्रोतकेन्द्रहरुलाई साधन स्रोतले सम्पन्न बनाउनु पर्नेमा सबैको जोड रहेको देखियो ।

### झ) प्र.अ. को शिक्षण कार्यबोझ हटाइ सुपरिवेक्षण समय मिलाउने



प्रधानाध्यापकहरुलाई बिद्यालयको दैनिक प्रशासन सञ्चालनको अतिरिक्त विषय शिक्षण कार्यबोझ पनि भएकोले विद्यालयहरुमा शिक्षक दरबन्दी थप गरी सुपरिवेक्षण समय मिलाउनु पर्ने जि.शि.अ., सबै प्र.अ., वि.नि. र स्रोतब्यक्ति तथा धेरैजसो वि.व्य.स.को प्रतिक्रिया रहेको पाइयो ।

### ञ) शिक्षण अनुभवी सुपरिबेक्षकहरुको व्यवस्था

विद्यालय सुपरिवेक्षणको लागि भर्खरै स्नातक उत्तिर्ण गरि लोकसेवा पास गरेर आएका कोराव्यक्तिहरुलाई विद्यालय निरीक्षकमा नियुक्ति गरि पठाउँदा उनिहरुमा शिक्षण अनुभवको अभावका कारण विद्यालय सुपरिवेक्षणमा समस्या देखिएकोले कम्तीमा १० वर्ष मा.वि. तहको शिक्षण अनुभव भएका शिक्षकहरुबाट विद्यालय निरीक्षकको नियुक्ति गर्नु पर्ने एक जना वि.नि. बाहेक अरु सबैको अभिमत रहेको छ ।

### ट) सुपरिवेक्षकको संख्या थप गर्ने

भौगोलिक विकटता, विद्यालयहरुको संख्या र दुरीको अनुपातमा विद्यालय सुपरिवेक्षकहरुको संख्या कम भएकोले बिद्यालय सुपरिवेक्षणको बर्तमान अबस्थामा सुधार ल्याउन आवश्यक संख्यामा विद्यालय सुपरिवेक्षकहरु थप गर्नु पर्ने सबैले प्रतिक्रिया दिएका छन् ।

### ठ) विद्यालय सुपरिवेक्षण र शिक्षक सहायता संयन्त्रको निर्माण

जि.शि.का. हुम्ला र स्रोतकेन्द्रहरुमा हालसम्म विद्यार्थी, शिक्षक, प्र.अ., वि.व्य.स., अभिभावक, स्रोतव्यक्ति र विद्यालय निरीक्षक समेतको संलग्नतामा एक विद्यालय सुपरिवेक्षण र शिक्षक सहायता संयन्त्र (TSM) को अभावले विद्यालय सुपरिवेक्षणमा समस्या देखिएकोले यथासिघ्र यस किसिमको एक संयन्त्र निर्माण गर्नपर्ने सबैको प्रतिक्रिया रहेको छ ।

यसरी विद्यालय सुपरिवेक्षणमा देखापरेका यी र यस्ता कैयन समस्याहरुको समाधानका ठोश उपायाहरु अबलम्बन गरी विद्यालय सुपरिवेक्षण सम्बन्धी बर्तमान अबस्थामा सुधार ल्याउनु पर्ने देखिन्छ । सुपरिवेक्षण एक मान [३६] ा भएकोले शिक्षण संस्था तथा शैक्षिक निकायमा संलग्न सम्पूर्ण ब्यक्तिहरु बीच घनिष्ठ मानव सम्बन्ध, प्रत्यक्ष सम्पर्क, समन्वय, सहकार्य र सहयोगको आवश्यकता पर्दछ । अतः बिद्यालयका प्रधानाध्यापक, ब्यबस्थापन समितिका पदाधिकारीहरु, बिद्यालय निरीक्षक तथा स्रोतब्यक्ति र जिल्ला शिक्षा अधिकारी

समेतको सहभागिता, संलग्नता, सहकार्य, समन्वय, आपसी सम्बन्ध, सहयोग र प्रत्येक्ष सम्पर्कमा बिद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने परिपाटीको बिकास गरि विद्यालय सुपरिवेक्षणमा थप प्रभावकारिता ल्याउन मानव सम्बन्ध सिद्धान्तलाई ब्यबहारमा उतार्न सक्नु पर्छ ।



# परिच्छेद पाँच :

# प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

तथ्याङ्कको व्याख्या र विश्लेषण पछि प्राप्त जानकारीको आधारमा निकालिएका प्राप्तिहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) प्रधानाध्यापकहरु प्रशासनिक कार्य र आफ्नो बिषय शिक्षणमा व्यस्त रहनु परेकोले अन्य कक्षा तथा शिक्षकहरुको अवलोकन तथा सुपरिवेक्षण गर्न समयको अभाव रहेको पाईयो ।

ख) कम्प्युटर, ईमेल इन्टरनेट जस्ता आधुनिक प्रविधि, संचार र यातायातको सुबिधाको पहुँच र सुपरिबेक्षकहरुलाई समय समयमा तालिमको अभावले गर्दा विद्यालय सुपरिवेक्षणमा प्रभावकारिता आउन नसकेको देखियो ।

ग) न्यून फिल्ड भत्ताले भौगौलिक रुपमा टाढा टाढा छरिएर रहेका विद्यालयहरुमा पैदलयात्रा गर्दा अति खर्चिलो भई Maslow ले भने जस्तो सुपरिवेक्षकका आधारभूत आवश्यकता पुरा हुन नसकि बिद्यालय सुपरिवेक्षणमा नियमितता आउन सकेको देखिएन ।

घ) विद्यालय सुपरिवेक्षणको जिम्मेवारी तोकिएका विद्यालय निरीक्षक बर्षको १ चोटीपनि विद्यालयमा पुग्ने नगरेकाले नियमित तथा उपचारात्मक सुपरिवेक्षण व्यवहारमा लागू भएको पाईएन ।

ङ) प्रा.वि. शिक्षकहरुलाई पनि स्रोतव्यक्तिमा नियुक्ति गरिएको हुँदा Right man in Right Place हुन नसकि प्रभावकारी सुपरिबेक्षण भएको देखिएन ।

च) आवश्यक तालिमको अभावमा प्र.अ., वि.व्य.स. र शि.अ.संघका पदाधिकारीहरुलाई आफ्नो काम, कर्तव्य र अधिकार तथा आचार संहिताबारे जानकारी हुन नसकेको पाईयो ।

छ) शिक्षामा राजनैतिक प्रभावका कारण विद्यालय व्यवस्थापन समितिमा सामान्य लेखपढसम्म नभएका व्यक्तिहरु पनि चएन भएका र उनीहरुलाई विद्यालय सुपरिवेक्षण सम्बन्धी जानकारीको अभावमा प्रभावकारी सुपरिवेक्षण हुन सकेको देखिएन ।

ज) वि.व्य.स. पदाधिकारीहरुलाई जि.शि.का.तथा स्रोतकेन्द्रहरुबाट विद्यालय सुपरिवेक्षण सम्बन्धी तालिम, गोष्ठि तथा सेमिनारको व्यवस्था नभएको कारण सुपरिवेक्षण कार्य प्रभावकारी हुनुका साथै जिल्ला शिक्षा अधिकारीबाट सदरमुकाम बाहिरका विद्यालयहरुको निरीक्षण तथा अनुगमन हुने गरेको पाईएन ।

झ) कुनै पनि विद्यालयमा लेखापाल र कार्यालय सहायक (पिएन) को व्यवस्था नभएको कारण प्र.अ. स्वयंले यी कामहरु गर्नुपर्ने भएकोले उनीबाट विद्यालय सुपरिवेक्षणमा बाधा पुगेको पाईयो भने सुपरिवेक्षकहरुले विद्यालय र समुदाय वीच सुमधुर सम्बन्ध स्थापित गर्न आवश्यक सल्लाह दिने, सरोकारवालाहरु वीच समन्वय र सहकार्यको वातावरण निर्माण गर्ने भनिएता पनि यसो गरिएको देखिएन ।

ञ) विद्यालयको बार्षिक कार्ययोजना तयार गर्दा शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. र स्रोतव्यक्ति सहित व्यापक छलफल गरी योजना तयार गरी सरोकारवालाहरुको जिम्मेवारी किटान गर्ने गरिएको पाईएन ।

ट) विषयगत र अनुभवी विद्यालय निरीक्षक र स्रोतब्यक्तिको अभावमा विद्यालय सुपरिवेक्षणमा प्रभावकारिता आउन सकेको देखिएन ।

ठ) विद्यालय सुपरिवेक्षकहरुको योग ३९ माध्यमिक शिक्षक सरह बी.एड. कायम भएकोले सबै बिद्यालय शिक्षकहरु सुपरिवेक्षणबाट लाभान्वित हुन सकेको पाईएन ।

ड) बिद्यालय सुपरिवेक्षणको प्रमुख निकाय स्रोतकेन्द्रनै साधन स्रोतको अभावमा रहेको पाईयो ।

ढ) बिद्यालय, स्रोतकेन्द्र र जिल्लामा सुपरिवेक्षणसंग सम्बन्धित सम्पूर्ण ब्यक्ति र निकायको संलग्नतामा एक बिद्यालय सुपरिवेक्षण र शिक्षक सहायता संयन्त्र निर्माण तथा स्रोतकेन्द्र र जि.शि.का. मा बिद्यालय सुपरिवेक्षण समिक्षा बैठकहरु हुने गरेको देखिएन ।

## ५.२ निष्कर्ष

यस अध्ययनको प्राप्तिको आधारमा निकालिएको निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) बिद्यालय अनुगमन तथा सुपरिवेक्षण गर्ने स्रोतब्यक्ति र बिद्यालय निरीक्षकहरुमा विद्यालय सुपरिवेक्षण सम्बन्धी नबिनतम ज्ञान, सीप, र प्रविधि बारे जानकारी गराउन तालिम दिनुपर्नेमा त्यसो हुन सकेको छैन् । आबश्यक तालिमको अभावमा उपचारात्मक तथा सुधारात्मक सुपरिवेक्षण नभई प्रशासनिक सुपरिवेक्षण मात्र हुने गरेको छ ।

ख) विद्यालय सुपरिवेक्षणसंग सम्बन्धित जि.शि.अ., बि.नि., स्रोतब्यक्ति, प्र.अ. र बि.ब्य.स. को सहभागितामा विद्यालय सुपरिवेक्षण समिक्षा बैठक र अन्तरकिया कार्यकमहरु संचालन गर्ने गरिएको छैन् । विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप संचालन भए नभएको, स्टाफ बैठक तथा वि.ब्य.स. बैठक नियमित हुने गरे नगरेको वारे सुपरिवेक्षण र अनुगमन हुने गरेको छैन ।

ग) प्र.अ.हरुले पियन र लेखापालको समेत काम तथा आफ्नो विषय शिक्षण समेत गर्नुपर्ने भएकोले समय अभावका कारण सुपरिवेक्षणमा ध्यान दिन सकेका छैनन् । सबै प्र.अ. हरुले बिद्यालय व्यवस्थापन तथा सुपरिवेक्षण सम्वन्धी तालिमको अवसर पाएका छैनन् ।

घ) स्रोतब्यक्ति र बिद्यालय निरीक्षकहरुले बिद्यालय अनुगमन र सुपरिवेक्षण गरि सिफारिस सहित जि.शि.का.मा पेश गरेको प्रतिबेदन कार्यान्वयन गर्ने परिपाटी बसेको छैन् । लामो समयसम्म वि.व्य.स. को बैठक नवसेकोले विद्यालय सुपरिवेक्षण प्रभावकारी हुन सकेको छैन । सदरमुकाम वाहिरका विद्यालयहरु जि.शि.अ.बाट बर्षको १ पटक पनि सुपरिवेक्षण भएको छैन ।

ङ) स्रोतव्यक्तिहरुले जतिसुकै राम्रो उत्तर दिएता पनि विद्यालय सुपरिवेक्षण नियमित रुपमा नभएको र उनीहरुको तथ्यांङ्क वास्तविक नभई काल्पनिक हुने गरेकाले विद्यार्थी विवरण तथा अन्य सूचनामा फरक परेको छ ।

च) विद्यालयको अनुपातमा लामो समयदेखि दरबन्दी थप नभएकोले कम सुपरिबेक्षकहरुले बढी विद्यालयहरुमा सुपरिवेक्षण गरि शिक्षकका समस्यालाई सम्वोधन गर्न कठिन भएको छ ।

छ) वि.व्य.स. तथा शि.अ.संघको गठन गर्दा केहि विद्यालयहरुले मात्र अभिभावकहरुको आम भेला गरेको तर धेरै जसो विद्यालयहरुमा २/४ जना ठुला ठालुहरुको उपस्थितिमा गर्ने गरिएको छ ।

ज) सुपरिवेक्षकहरु विद्यालय सुपरिवेक्षणमा भन्दा कार्यालय काममा व्यस्त रहने गरेका छन् ।

झ) जि.शि.का. ले स्रोतव्यक्ति तथा सुपरिवेक्षकको प्रतिवेदन कार्यन्वयन गर्ने गरेका छैनन् ।

ञ) सुपरिवेक्षकले शिक्षण सिकाई क्रियाकलाप र शिक्षक विद्यार्थी व्यवहारको गहन अध्ययन गर्दैनन् र विद्यालय निरीक्षकहरुमा आफ्नो पेशाप्रति जवाफदेहि हुनु भन्दा पनि जागिर खाने प्रवृत्ति रहेको छ ।

ट) स्रोतव्यक्तिहरुको नियुक्तिमा स्रोतकेन्द्र व्यवस्थापन समितिको मातहतमा रहि कामकाज गर्नुहुन भनिएको र राजनीतिक परिवर्तनले प्रभाव पार्ने भएकोले उनीहरु आफ्नो जिम्मेवारी प्रति उदासिन छन् ।

ठ) विद्यालय ब्यबस्थापन समितिका पदाधिकारीहरुलाई आवश्यक तालिमको अवसर प्राप्त नभएकोले सुपरिवेक्षण सम्बन्धी ऐन नियममा व्यवस्था भए अनुसार काम, कर्तब्य र अधिकार बारे जानकारी छैन् ।

ड) विद्यालय सुपरिवेक्षकहरुलाई भौगोलिक बिकटता र दुर्गमको महंगी धान्न सक्ने तलब भत्ता तथा यातायात र संचार सुबिधाको अभावमा बिद्यालय अनुगमन र सुपरिवेक्षण सहज र प्रभावकारी हुन सकेको छैन् ।

## ५.३ सुझावहरु

विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था सम्बन्धी अध्ययनमा गरिएको खोज तथा अनुसन्धानको निष्कर्ष र प्राप्त उपलब्धिहरुको आधारमा विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्थामा सुधार ल्याई विद्यालयहरुको समग्र पक्षको प्रगति र शैक्षिक गुणस्तर वृद्धि गर्न निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

क) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको बैठक र विद्यालय सुपरिवेक्षणमा नियमितता भए नभएको हेर्न छुट्टै समिति गठन गरी त्यसलाई प्रभावकारी बनाएर विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्थामा सुधार ल्याउनु पर्छ ।

ख) बिद्यालय सुपरिबेक्षणको प्रमुख निकाय स्रोतकेन्द्र र सुपरिवेक्षकहरुमा साधन र स्रोतको अभाव देखिएकाले उनीहरुलाई भौतिक, आर्थिक र मानव स्रोत साधनले सम्पन्न बनाई बिद्यालय सुपरिवेक्षणको वर्तमान अबस्थामा सुधार गर्नुपर्दछ ।

ग) कुनै एक निरीक्षक तथा सुपरिवेक्षकले सम्पूर्ण बिषयको कक्षा अवलोकन र पृष्ठपोषण गर्न सम्भब नदेखिएकोले बिषयगत निरीक्षक तथा सुपरिवेक्षकको व्यवस्था गर्नुपर्दछ ।

घ) स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरुको योग्यता माध्यमिक विद्यालय शिक्षक सरह बी.एड. मात्र तोकिएकोले बिद्यालय सुपरिबेक्षण प्रभावकारी देखिएको छैन । अतः उनीहरुको योग्यता एक तह माथी वा एम.एड कायम गरिनु पर्दछ ।

ङ) स्रोतव्यक्तिहरुको नियुक्ति राजनीतिक पाराको भएकोले यसमा सुधार गरी स्रोतव्यक्तिको अलगै दरबन्दी सृजना गरी १० बर्ष माध्यमिक तहको शिक्षण अनुभव भएका दक्ष, तालिम प्राप्त र बिषयगत स्रोतव्यक्तिहरुको नियुक्ति गर्नुपर्दछ ।

च) प्र.अ., वि.व्य.स. र स्रोतव्यक्तिको नियुक्ति गर्दा राजनैतिक हस्तक्षेप हुने गरेको पाइएकोले विद्यालय र सुपरिवेक्षण निकायलाई राजनैतिक हस्तक्षेपबाट मुक्त राख्नुपर्दछ ।

छ) विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरुबाट पेश भएका सुपरिवेक्षण प्रतिवेदन कार्यान्वयन गर्न जिल्ला शिक्षा कार्यालयल उदासिन रहेको पाईएकोले निष्पक्ष र तत्परताका साथ यस्ता प्रतिवेदनहरु कार्यान्वयन गर्न जि.शि.का. अग्रसर रहनु पर्दछ ।

ज) प्र.अ. हरुले समय अभावका व ४३ ञा शिक्षण अवलोकन र सुपरिवेक्षण गर्न असमर्थ रहेको पाइएकोले उनीहरुकं। ।श।क्षणं कार्यबोझ हटाएर सुपरिवेक्षण र कक्षा अवलोकन समय उपलब्ध गराउनु पर्दछ ।

झ) प्र.अ., वि.व्य.स., स्रोतव्यक्ति र विद्यालय निरीक्षकहरुमा पनि विद्यालय सुपरिवेक्षण सम्बन्धी ज्ञान, सीप, र दक्षताको अभाव देखिएकोले उनीहरुलाई तालिम गोष्ठी र सेमिनारको व्यवस्था गर्नुपर्दछ ।

ञ) विद्यालय निरीक्षक र स्रोतव्यक्तिहरुको दुर्गम र महङ्गीका दृष्टिकोणले भत्ता ज्यादै न्यून देखिएकोले उनीहरुको आधारभूत आवश्यकता परिपूर्ति हुनेगरी फिल्ड भत्ताको व्यवस्था गर्नु पर्दछ ।

ट) विद्यालय सुपरिवेक्षण गर्ने व्यक्ति तथा निकायहरुको वीच समन्वय र सहकार्यको अभाव देखिएकोले कम्तिमा महिनाको एक पटक स्रोतकेन्द्र र जि.शि.का.मा विद्यालय सुपरिवेक्षण समिक्षा बैठक संचालन गर्ने गर्नु पर्दछ ।

ठ) विद्यालय सुपरिवेक्षकहरुलाई यातायात र संचार जस्ता सुविधा र अधिकारको अभावमा उनीहरुको कार्यसम्पादन प्रकिया सन्तोषजनक नदेखिएकोले उनीहरुलाई आवश्यक सुविधा र अधिकार उपलब्ध गराउनु पर्दछ ।

**थप अध्ययनका लागि सिफारिस** ४४

भविष्यका खोज, अध्ययन तथा अनुसन्धानकर्ताहरुले पनि यस बिषयको सेरोफेरोमा रहेर निम्न बिशिष्ट क्षेत्रमा वृहत तथा गहन अध्ययन गर्न सक्ने भएकाले थप अध्ययनका लागि निम्न शिर्षकहरु सिफारिस गरिएको छ ।

क) विद्यालय सुपरिवेक्षणले शिक्षण सिकाईमा पार्ने प्रभाव

ख) विद्यालय सुपरिवेक्षणमा प्र.अ.को भूमिका नमुना

ग) विद्यालय सुपरिवेक्षणमा जि.शि.अ. को भूमिका

घ) विद्यालय सुपरिवेक्षणमा वि.व्य.स. को प्रभावकारिता

## विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था
### अनूसुची १
### शिक्षकहरुका लागि प्रश्नावली

विद्यालयको नाम र ठेगाना :
शैक्षिक योग्यता :

१. के तपाई कक्षा शिक्षणका लागि दैनिक पाठययोजना तयार गर्नुहुन्छ ?
..............................................................................................................

२. कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग कत्तिको गर्नुहुन्छ ?
............................................................................................................

३. तपाई आफूलाई कक्षा शिक्षणमा आई परेका समस्या समाधान गर्न के गर्नुहुन्छ ?
...........................................................................................................

४. प्र.अ. ले कहिल्यै तपाईको कक्षा अवालेकन गर्नु भएको छ ?
...........................................................................................................

५. स्रोतव्यक्ति तथा निरीक्षकहरु सुपरिवेक्षणका क्रममा विद्यालयमा आएको समयमा नमूना पाठ शिक्षण गर्ने गरेका छन् ?
...........................................................................................................

६. तपाईले स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकबाट शिक्षण सिकाईमा के अपेक्षा गर्नुभएको छ ?
................................................................................................................................

७. शिक्षक र सुपरिवेक्षक विच सुमधुर सम्बन्ध स्थापना गर्न के गर्नुपर्छ भन्ने सोच्नुहुन्छ ?
...........................................................................................................

८. शिक्षण सिकाईमा सुधार ल्याउन सुपरिवेक्षणमा कस्तो गुण र सुपरिवेक्षण शैलीको आशा गर्नुहुन्छ ?
...........................................................................................................

९. असल सुपरिवेक्षकबाट विद्यालयको शिक्षण सिकाईमा कस्तो प्रभाव पर्न जान्छ ?
...........................................................................................................

१०. तपाईको विचारमा विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरु के के हुन ?
..........................................................................................

११ विद्यालय सुपरिवेक्षणा देखापरेका समस्याहरु समाधान गर्न के गर्नुपर्ला ?
..........................................................................................

## विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था
## अनुसूची ७

हुम्ला जिल्लाको स्रोतकेन्द्र सम्वन्धी विवरण

| क.स. | स्रोतकेन्द्रको नाम | गा.वि.स. हरु | विद्यालय संख्या | स्रोतव्यक्तिको नाम | तह र श्रेणी |
|---|---|---|---|---|---|
| १ | अगुवा स्रोतकेन्द्र सिमकोट | सिमकोट, बरगाँऊ र ठेहे | १८ | रामजीप्रसाद ढकाल | मा.बि.तृतीय |
| २ | चौगानफया स्रोतकेन्द्र | डांडाफया, स्याडा, हेप्का,मुचु, लिमी र खगाल गाँऊ | २३ | जसबहादुर महतारा | नि.मा.बि. द्वित्तीय |
| ३ | लाली स्रोतकेन्द्र | खार्पुनाथ, लाली, राया, र छिप्रा | १४ | छवीलाल पन्थी | मा.वि. द्वित्तीय |
| ४ | रोडीकोट स्रोतकेन्द्र | रोडीकोट, गोठी र मेल्छाम | १७ | मुमलाल आचार्य | मा.वि.तृतीय |
| ५ | सर्केगाड स्रोतकेन्द्र | सायाँ, सर्किदेउ, वराई र जैर | १५ | चक्रवहादुर मल्ल | मा.वि.तृतीय |
| ६ | दार्मा स्रोतकेन्द्र | दार्मा, मिमी र श्रीमष्टा | १६ | चन्द्रवहादुर बुढा | प्रा.वि.प्रथम |
| ७ | श्रीनगर स्रोतकेन्द्र | श्रीनगर, कालिका, मैला र मदना | ३२ | टुकप्रसाद अधिकारी | मा.वि.तृतीय |

स्रोतः ASIP (२०६६), जि.शि.का. हुम्ला ।

## विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था

### अनुसूची ८

नमूना छनौटमा परेको लाली स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुको विवरण

| क्र.स. | विद्यालयको नाम | गा.वि.स | संचालित कक्षा | शिक्षक संख्या | | | | | | प्र.अ.को नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | श्री मालिका उ.मा.वि | लाली | १-१२ | १ | १३ | १४ | ८६ | १४० | १२६ | दलवहादुर ऐडी |
| २ | श्री मान्धारा नि.मा.वि. | खार्पुनाथ | १-८ | १ | ७ | ८ | ९० | ११० | २०० | इमानकान्त अधिकारी |
| ३ | श्री सिता नि.मा.वि. | छिप्रा | १-८ | ४ | ५ | ९ | १०४ | १११ | २१५ | देवनारायण साह |
| ४ | श्री हुम्ला नि.मा.वि. | राया | १-८ | १ | ७ | ८ | ९७ | ८० | १७७ | विवी रावल |
| ५ | श्री बागेश्वरी प्रा.वि. | खार्पुनाथ | १-५ | - | ३ | ३ | ५४ | ३९ | ९३ | गणेशवहादुर शाही |
| ६ | श्री हिल्सा नौधारा प्रा.वि. | खार्पुनाथ | १- ५ | - | २ | २ | ३८ | ५० | ८८ | दिर्घवहादुर शाही |
| ७ | श्री कैलाश प्रा.वि. | लाली | १- ५ | - | ५ | ५ | ७० | ८० | १५० | जनकवहादुर शाही |
| ८ | श्री भानुभक्त प्रा.वि. | लाली | १- ५ | १ | ५ | ६ | ८३ | ६८ | १५१ | देवधन ऐडी |
| ९ | श्री मोतीराम प्रा.वि. | लाली | १- ५ | - | २ | २ | १२ | २४ | ३६ | कृष्णप्रसाद जैशी |
| १० | श्री शंकर प्रा.वि. | राया | १- ५ | १ | ४ | ५ | ७६ | ८३ | १५९ | सीताराम चौधरी |
| ११ | श्री ज्ञानज्योति प्रा.वि. | राया | १- ५ | १ | २ | ३ | २२ | २३ | ४५ | जगन्नाथ शर्मा |
| १२ | श्री चन्द्रनाथ प्रा.वि. | छिप्रा | १- ५ | २ | १ | ३ | १८ | ९ | २७ | सोमप्रसाद ढुङ्गाना |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | श्री इन्द्रज्वाला प्रा.वि. | छिप्रा | १- ५ | - | ३ | ३ | १६ | १४ | ३० | महेश्वर पौडेल |
| १४ | श्री अम्मरसिंह प्रा.वि. | खार्पुनाथ | १- ५ | १ | १ | २ | २३ | ३८ | ६१ | धनध्वज शाही |

स्रोतः लाली स्रोतकेन्द्रको अभिलेख (२०६६)

## विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था

## अनुसूची ६

## विद्यालय सुपरिवेक्षणमा आइपरेका समस्याहरु

| समस्याहरु | जि.शि.अ. १ | वि.नि. स्रोतब्यक्ति २ | प्र.अ. १४ | वि.व्य.स. १४ |
|---|---|---|---|---|
| तलिमको अभाव | | २ | १४ | १४ |
| राजनैतिक हस्तक्षेप | १ | २ | १३ | १० |
| सुपरिवेक्षण समिक्षा बैठकको अभाव | | २ | १४ | १४ |
| सुपरिवेक्षण प्रतिबेदन कार्यान्वयनको अभाव | | २ | १४ | १४ |
| विषयगत सुपरिवेक्षकको व्यवस्था नहुनु | १ | १ | १४ | १४ |
| सुपरिवेक्षकहरुलाइ आवश्यक सुबिधाको अभाव | १ | २ | १४ | १४ |
| विद्यालय सुपरिवेक्षकहरु आफ्नो पेशाप्रति इमान्दार नहुनु | १ | | १४ | १४ |
| स्रोतकेन्द्रमा आवश्यक साधन स्रोतको अभाव | १ | २ | १४ | १४ |
| प्र.अ.लाई शिक्षण कार्यबोझले सुपरिवेक्षण समयको अभाव | १ | २ | १४ | ११ |
| सुपरिबेक्षकहरुमा शिक्षण अनुभव नहुनु | १ | | ६ | १० |

| | | | | |
|---|---|---|---|---|
| सुपरिवेक्षकको सङ्ख्यामा कमि हुनु | १ | २ | ८ | १२ |
| विद्यालय सुपरिवेक्षण र शिक्षक सहायता संयन्त्रको अभाव | | २ | १२ | ११ |

स्रोत प्रश्नावली प्रतिक्रिया

## विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था

## अनुसूची ९

## समस्या समाधानका सम्भावित उपायहरु

| समस्या समाधानका सम्भावित उपायहरु | प्र.अ. १४ | वि.व्य.. १४ | स्रोतव्यक्ति/ वि.नि. २ | जि.शि.अ. |
|---|---|---|---|---|
| तालिमको व्यवस्था | १४ | १० | २ | |
| राजनैतिक हस्तक्षेपबाट मुक्त | १४ | ११ | २ | १ |
| सुपरिवेक्षण समीक्षा बैठक सञ्चालन | १४ | १४ | २ | |
| सुपरिवेक्षण प्रतिबेदन कार्यान्वयन | १४ | १० | २ | |
| विषयगत सुपरिवेक्षकको व्यवस्था | १४ | १० | २ | १ |
| सुपरिवेक्षकहरुलाई आवश्यक सुबिधाको प्रबन्ध | १४ | १२ | २ | १ |
| विद्यालय सुपरिवेक्षकहरु आफ्नो पेशाप्रति इमान्दार हुनु पर्ने | १२ | १४ | | १ |
| स्रोतकेन्द्रमा आवश्यक साधन स्रोतको व्यवस्था | १२ | ११ | २ | १ |
| प्र.अ.को शिक्षण कार्यबोझ हटाइ सुपरिवेक्षण | १४ | १४ | २ | |

| | | | | |
|---|---|---|---|---|
| समय मिलाउने | | | | |
| शिक्षण अनुभवी सुपरिबेक्षकहरुको व्यवस्था | १४ | १० | | १ |
| सुपरिवेक्षकको सङ्ख्या थप्ने | १२ | १२ | २ | १ |
| विद्यालय सुपरिवेक्षण र शिक्षक सहायता संयन्त्र निर्माण | १२ | १३ | २ | |

स्रोतः प्रश्नावली प्रतिक्रिया

## विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था
### अनुसूची ३
### वि.व्य.स. पदाधिकारीहरुका लागि प्रश्नावली

१. वि.व्य.स.को वैठकमा निर्णय लिनुपर्दा सबै सदस्यहरुको सक्रियता र सहभागिता कस्तो हुने गरेको छ ?

.....................................................................................................

२. तपाई विद्यालय प्रति आफ्नो कस्तो जिम्मेवारी रहन्छ भन्ने ठान्नु हुन्छ ?

.....................................................................................................

३. तपाई सुपरिवेक्षण गर्ने मनसायले बिद्यालयमा कत्तिको जानु हुन्छ ?

.....................................................................................................

४. विद्यालयमा सुपरिवेक्षण गर्न स्रोतकेन्द्र र जि.शि.का. बाट को को आउने गरेको पाउनु भएको छ ।

.....................................................................................................

५. तपाई आफ्नो समितिको वैठकमा कस्ता कस्ता विषयमा छलफल र निर्णय गर्नु हुन्छ ?

.....................................................................................................

६. विद्यालयको समग्र पक्षलाई विकास गर्न तपाईको विचारमा बि.ब्य.स.ले के के गर्नु पर्छ ?

.....................................................................................................

७. स्रोतकेन्द्र र जि.शि.का.बाट विद्यालय सुपरीवेक्षणमा आाएका व्यक्ति र वि.व्य.स. पदाधिकारीहरुसंग विद्यालयको शैक्षिक सुधारका पक्षमा के कसरी छलफल गर्नुहुन्छ ?

.....................................................................................................

८. तपाई विद्यालय सुपरिवेक्षण गर्ने जिम्मेवार व्यक्ति र संस्थाहरु कुन-कुन हुन भन्ने ठान्नु हुन्छ ?

……………………………………………………………………………………………

९. विद्यालयको शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउन के के प्रयास गदै आउनु भएको छ ?

……………………………………………………………………………………………

१०. विद्यालयमा पर्ने समस्याहरु समाधान गर्न को को लाग्नु पर्ने देख्नु हुन्छ ?

……………………………………………………………………………………………

११. विद्यालय नियमित सुपरिवेक्षणका लागि कुनै योजना बनाउनु भएको छ ?

……………………………………………………………………………………………

१२. विद्यालय सुपरिवेक्षणका समस्याहरु के के होलान ?

……………………………………………………………………………………………

१३. विद्यालय सुपरिवेक्षणका समस्याहरु कसरी समाधान गर्न सकिएला ?

……………………………………………………………………………………………

## विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था

### अनुसूची ४

### स्रोतव्यक्ति/ विद्यालय निरीक्षकहरुका लागि प्रश्नावली

स्रोतव्यक्ति वि.नि. को नाम :
योग्यता :
कार्यक्षेत्र :

१. तपाई आफ्नो स्रोतकेन्द्र, अन्तरगतका विद्यालयहरुको सुपरिवेक्षणमा कतिपटक जाने गर्नु भएको छ ?

……………………………………………………………………………………………

२. तपाई विद्यालय सुपरिवेक्षणका समयमा को को सँग सम्पर्क गर्नु हुन्छ ?

……………………………………………………………………………………………

३. तपाई विद्यालय सुपरिवेक्षणमा जाँदा कक्षा अवलोकन पश्चात के गर्नु हुन्छ ?

……………………………………………………………………………………………

४. विद्यालय सुपरिवेक्षणको क्रममा तपाईले कक्षा शिक्षणमा शैक्षणिक सामग्री र संधर्भ सामग्रीको कत्तिको प्रयोग हुने गरेको पाउनु भएको छ ?

……………………………………………………………………………………………

५. तपाईले विद्यालय सुपरिवेक्षण गर्दा कुन पक्षमा बढी जोड दिनु हुन्छ ?

……………………………………………………………………………………………

६. तपाई विद्यालय नियमित सुपरिवेक्षण हुन नसक्नुका कारणहरु के हुन भन्ने ठान्नु हुन्छ ?

.............................................................................................................................

७. विद्यालय सुपरिवेक्षणलाई निरन्तरता दिन तपाईको विचारमा के गर्नु पर्ला ?

.............................................................................................................................

८. शिक्षण सिकाईमा सुधार ल्याउन तपाई एक सुपरिवेक्षकको नाताले के कस्ता उपायहरु अपनाउदै आउनु भएको छ ?

.............................................................................................................................

९. वर्तमान अवस्थामा विद्यालय सुपरिवेक्षणमा देखापरेका समस्या र समाधानका उपयाहरु के के हुन सक्छन् ?

.............................................................................................................................

१०. तपाई प्रभावकारी शैक्षिक सुपरिवेक्षणका लागि के कस्ता कदमहरु चाल्नु पर्ने देख्नु हुन्छ ?

.............................................................................................................................

११. तपाईको विचारमा विद्यालय सुपरिवेक्षकमा हुनु पर्ने योग्यता, गुण र सुपरिवेक्षण शैलीहरु के के हुन् ?

.............................................................................................................................

## विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था

## अनुसूची २

### प्रधानाध्यापकहरुका लागि प्रश्नावली

प्र.अ.को नाम थर : तह र श्रेणी :
विद्यालयको नाम : शैक्षिक योग्यता :
अनुभव वर्ष : तालिम :

१. स्रोतव्यक्तिबाट तपाईको विद्यालयमा कतिपटक निरीक्षण तथा अनुगमन हुने गरेको छ ?

..............................................................................................................

२. जिल्ला शिक्षा कार्यालयबाट तपाईको विद्यालय कतिपटक अनुगमन र सुपरिवेक्षण हुने गरेको

...................................................................................................................................

३. स्रोतव्यक्ति तथा सुपरिवेक्षक विद्यालय सुपरिवेक्षणमा आएको वेला के गर्दछन ?

...................................................................................................................................

४. विद्यालय सुपरिवेक्षणकका वाधक तत्वहरु केलाई देख्नुहुन्छ ?

...............................................................................................................................

५. विद्यालय सुसञ्चालनका लागि क-कससंग सम्बन्ध राख्नु आवश्यक ठान्नु हुन्छ ?

...............................................................................................................................

६. कक्षा शिक्षण अवलोकनमा तपाई कत्तिको ध्यान दिनु हुन्छ ?

.......................................................................................................................

७. तपाईको विचारमा नियमित र निरन्तर विद्यालय सुपरिवेक्षणले शिक्षण सिकाइमा कस्तो प्रभाव पार्छ ?

.......................................................................................................................

८. विद्यालय सुपरिवेक्षकमा तपांई कस्तो गुण र सुपरिवेक्षण शैलीको अपेक्षा गर्नु हुन्छ ?

.......................................................................................................................

९. तपाईको विचारमा विद्यालय सुपरिवेक्षण गर्ने जिम्मा कस्को हो ?

.......................................................................................................................

१०. तपाई आफ्नो विद्यालयको शैक्षिक योजना निर्माण र कार्यन्वयनमा स्रोतव्यक्ति तथा विद्यालय सुपरिवेक्षकबाट कस्तो सहयोगको आशा राख्नु हुन्छ ?

.......................................................................................................................

११. विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरु के के होलान ?

.......................................................................................................................

१२. विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरु कसरी समधान गर्न सकिएला ?

..................................................................................................................

## विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था

### अनुसूची ५

### जिल्ला शिक्षा अधिकारीका लागि प्रश्नावली

जि.शि.अ. को नाम :

अनुभव बर्ष : शैक्षिक योग्यता :

१. तपाईको जिल्लामा विद्यालय सुपरिवेक्षण नियमित रुपमा भैरहेको छ ?

.......................................................................................................................

२. विद्यालय सुपरिवेक्षणमा तपाईले निरीक्षकलाई कति पटक पठाउने गर्नु भएको छ ?

.......................................................................................................................

३. विद्यालय निरीक्षण अनुगमन तथा सुपरिवेक्षणमा तपाई आफ्नो कस्तो भूमिका रहने देख्नुहुन्छ ?

.......................................................................................................................

४. विद्यालय सुपरिवेक्षण पश्चात वि.नि. र स्रोतव्यक्तिहरुले तपाई सामु प्रतिवेदन पेश गर्ने गरेका छन ?

.......................................................................................................................

५ विद्यालय सुपरिवेक्षणमा नजाने स्रोतव्यक्ति र विद्यालय निरीक्षकहरुमाथी कस्तो कार्वाही गर्नुहुन्छ ?

.......................................................................................................................

६. तपाईको विचारमा सुपरिवेक्षण कार्यलाई प्रभावकारी वनाउन के गर्नु पर्ला ?

..........................................................................................................

७. नियमित र निरन्तर विद्यालय सुपरिवेक्षणले शिक्षण सिकाईमा कस्तो प्रभाव पार्ने देख्नुहुन्छ ?

..........................................................................................................

८. तपाईको जिल्लामा शैक्षिक सुपरिवेक्षणमा के कस्ता समस्याहरु छन र ती समस्या समाधानमा के उपायहरु सोच्नु भएको छ ?

..........................................................................................................

९. विद्यालय सुपरिवेक्षणमा देखिएका समस्या समाधानका लागि तपाई क्षेत्रिय र केन्द्रिय स्तरबाट कस्तो नीति नियमको अपेक्षा गर्नुहुन्छ ?

..........................................................................................................

१०. सुपरिवेक्षकहरु विद्यालयमा जादैनन र सुपरिवेक्षण नै हुँदैन भन्ने भनाईहरु प्रति तपाँईको के धारणा छ ?

..........................................................................................................

११ तपाईको विचारमा विद्यालय सुपरिवेक्षणबाट नियमित निरन्तर शिक्षण सिकाईमा सुधार ल्याउन के गर्नु पर्ला ?

..........................................................................................................

## विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था

## अनुसूची १०

## विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था

| वर्तमान अवस्था | जि.शि.अ. १ | वि.नि. स्रोतब्यक्ति २ | प्र.अ. १४ | वि.व्य.स. १४ |
|---|---|---|---|---|
| सुपरिवेक्षणमा नियमितता | | २ | ६ | ८ |
| स्रोतकेन्द्र प्र.अ. बैठक | | २ | ९ | ११ |
| कक्षा शिक्षण, अवलोकन, अन्तरक्रिया र पृष्ठपोषण | | २ | १० | ८ |
| बिषय शिक्षक भेला, अन्तरक्रिया र परामर्श | | २ | ८ | १० |
| नमूना पाठ शिक्षण | १ | २ | | |
| सरोकारवालाहरु वीच भेटघाट र छलफल | १ | २ | ७ | ८ |

| | | | | |
|---|---|---|---|---|
| जि.शि.का. मा प्रधानाध्यापकहरुको बैठक | | | ७ | ८ |
| जि.शि.का. मा विद्यालय निरीक्षक तथा स्रोतव्यक्ति बैठक र अन्तरक्रिया | | २ | ९ | १० |
| जि.शि.का.मा वि.व्य.स. अध्यक्षहरुको बैठक र अन्तरक्रिया | १ | २ | ८ | ६ |
| विद्यालय कार्यक्रमहरुमा सुपरिवेक्षण सहयोग | १ | २ | ६ | १० |

स्रोत प्रश्नावली प्रतिक्रिया

## सन्दर्भसामग्री


अधिकारी बिष्णुप्रसाद, (२०६०), **विद्यालय निरीक्षण स्रोतसामग्री,** काठमाण्डौः आशिष पुस्तक भण्डार ।

अधिकारी बिष्णुप्रसाद, (२०६३), **शैक्षिक निरीक्षण र नेपालको शिक्षा प्रणाली,** काडमाण्डौंः आशिष पुस्तक भण्डार ।

आचार्य अम्बिकाप्रसाद, (२०६२), **नेपालको शैक्षिक सामान्यज्ञान**, काठमाण्डौः प्रशान्ती पुस्तक भण्डार ।

काफ्ले बासुदेव, श्रेष्ठ चन्द्रवहादुर र सिन्हा रामस्वरुप, (२०५९), **शैक्षिक प्रशासन र नेपालमा शिक्षा**, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, सिन्हा र श्रेष्ठ, (२०६४), **विद्यालय प्रशासन तथा सुपरिवेक्षण**, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

कोइराला विद्यानाथ र श्रेष्ठ चन्द्रवहादुर, (२०६२), **शैक्षिक व्यवस्थापन तथा संगठनात्मक व्यवहार,** काठमाण्डौं: विद्यर्थी पुस्तक भण्डार ।

गौतम गेहनाथ, (२०६३), **विद्यालय निरीक्षण पद्धति सुधारका उपायाहरु,** अन्तराष्ट्रिय शैक्षिक मञ्च अङ्क ७ मासिक

**जिल्ला शिक्षा योजना,** (२०६१/ ०६२ - ०६५/०६६), जि.शि.का. हुम्ला ।

**निरीक्षणलय निर्देशिका**, (२०६१), काठमाण्डौः शिक्षा बिभाग, शिक्षा मन्त्रालय ।

पौडेल लोकप्रसाद, (२०६३), **सुर्खेत जिल्लाका माध्यमिक विद्यालयमा शैक्षिक सुपरिवेक्षणको प्रभावकारिताः** एक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र सुर्खेत शिक्षा क्याम्पस ।

बराल राजकुमार, (२०६५), **समस्या उस्तै उस्तै,** शिक्षक मासिक, सातौं अङ्क ललितपुरः जगदम्बा प्रेस ।

**बार्षिक रणनीति कार्यान्वयन योजना**, (२०६६), जि.शि.का. हुम्ला ।

भण्डरी गोपाल, (२०६५), **धेरै गरियो अझै गर्न सकिन्छ,** शिक्षक मासिक सातौं अंक ललितपुरः जगदम्बा प्रेस ।

**राष्ट्रिय शिक्षा पद्धतिको योजना,** (२०२८), काठमाण्डौः शिक्षा मन्त्रालय ।

शर्मा बसन्त कुमार,(२०६६), **संक्षिप्त नेपाली शब्दसागर,** काठमाण्डौः शब्दार्थ प्रकाशन ।

शाही भुपेन्द्रवहादुर, (२०६३) **विद्यालय सुपरिवेक्षण स्थिति दैलेख जिल्ला चामुण्डा स्रोतकेन्द्रको अध्ययन,** सुर्खेत शिक्षा क्याम्पस ।

**शिक्षा आयोग २०२८, २०४९ र २०५५ का प्रतिवेदनहरु,** नेपाल सरकार, शिक्षा मन्त्रलय ।

**शिक्षा ईस्तिहार,** (१९९६), काठमाण्डौः शिक्षा मन्त्रालय ।

**शिक्षा ऐन (२०२८) तथा शिक्षा नियमावली (२०५९),** काठमाण्डौः जनजागृति प्रकशन ।

**शैक्षिक तथ्यांक,** (२०६६) जि.शि.का. हुम्ला ।

श्रेष्ठ र बस्न्यात, (२०६७), **शैक्षिक सुपरिवेक्षण,** काठमाण्डौः विद्यार्थी प्रकाशन प्रा.लि. ।

Cogan, Moris L., (1950), **Clinical Supervision, Boston: Housghton Miffin.**